का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० फागुन २०८२
शनिबार
14 March 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्नुस्
वर्ष २४, अंक ५१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रतिस्पर्धाले विग्रहको डर

# एनआरएनएमा सर्वसम्मतको भर





अन्त्यमा एक ठाउँमा नआई कसैले पनि उद्देश्य प्राप्त गर्न सक्दैन भन्ने निष्कर्षमा पुग्यौं । दुई समानान्तर अन्तर्राष्ट्रिय समितिलाई एउटै बनायौं

■ **बद्री केसी, अध्यक्ष**



प्रतिनिधि चयनलाई तलदेखि नै व्यवस्थित गर्दै लगिनेछ । जसले गर्दा भोलि समस्या आउने छैन

■ **महेशकुमार श्रेष्ठ, अध्यक्ष**

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, २९ फागुन

गैरआवासीय नेपाली संघ (एनआरएनए)का अगुवाहरूले शनिबारदेखि काठमाडौंमा सुरु हुने १२औं 'बृहत् एकता महाधिवेशन'मा सर्वम्मत नेतृत्व चयन गरेर विवाद अन्त्य गर्ने तयारी गरेका छन् ।

विदेशिएका नेपालीको छाता संस्था भएर पनि नेतृत्व विवादमा एउटा सिंगो कार्यकाल गुजारेकामा यसपटक मुख्य पदहरूमा सर्वसम्मत गराउने प्रयास भइरहेको छ। संसारका ९२ देशमा पुगेका करिब ८० लाख नेपाली र औपचारिक रूपमा आबद्ध एक लाख ४० हजार नेपाली एनआरएन सदस्य छन् । विगत केही वर्षयता एनआरएनएमा दलीय विभाजन र व्यक्तिगत टकराव हुँदै आएको छ। जसका कारण मातृभूमिलाई अपेक्षाकृत योगदान गर्नबाट चुकेको एनआरएनका पूर्वनेताहरू बताउँछन् । अबको एकता महाधिवेशनमार्फत संस्थाले पुनर्जन्म पाउने उनीहरूको दाबी छ ।

**विग्रहको छाया**

सम्मेलनको पूर्वसन्ध्यामा काठमाडौंमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा एकै कार्यकालमा दुई अध्यक्ष बन्न पुगेका बद्री केसी र महेशकुमार श्रेष्ठले आफूहरू एकता गर्ने भित्री मनशायले नै एक भएको दाबी गरे । त्यसका लागि नेतृत्व सकेसम्म सर्वसम्मत्त बनाएर छाड्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष केसीले भने, 'हामी विगतमा विभाजित मात्र भएनौं, आ-आफ्नो आधिकारिकताका लागि अड्डा-अदालत सारा धायौं । तर अन्त्यमा एक ठाउँमा नआई कसैले पनि उद्देश्य प्राप्त गर्न सक्दैन भन्ने निष्कर्षमा पुग्यौं। दुई समानन्तर अन्तर्राष्ट्रिय समितिलाई एउटै बनायौं ।'

गत वर्षको सम्मेलनपछि विभाजित दुई कार्यसमिति गत नोभेम्बर ३० तारिखमा प्रधानमन्त्री सुशीला कार्कीको रोहबरमा एकै बनाउन बृहत् एकता महाधिवेशन गर्ने सहमति भएको थियो । अहिले विमतिहरू टुंगिएको बताउँदै उनले भने, 'सन् २००३ मा जन्मिएको एनआरएनले २०२६ मा पुनर्जन्म पाउँदै छ ।'

तत्काल एकताको आवश्यकता महसुस गरी मध्यपूर्वका नेपालीहरूले त्यहाँ जारी तनावका कारण अधिवेशन सार्न अनुरोध गरे पनि उनीहरूलाई अनलाइन उम्मेदवारी दर्ता गर्ने अवसर दिँदै अधिवेशन गरिएको बताए । अर्का अध्यक्ष महेशकुमार श्रेष्ठले विभाजनका कारण र उपचार दुवै पत्ता लागिसकेको दाबी गर्दै अबदेखि विभाजन नहुने बताए । अध्यक्ष केसीको भनाइमा त्यो कारण भनेको प्रतिनिधि चयनमा रहेको अन्योल हो। 'प्रतिनिधि चयनलाई तलदेखि नै व्यवस्थित गर्दै लगिनेछ। जसले गर्दा भोलि समस्या आउने छैन,' उनको दाबी छ ।

गत वर्षको विभाजनले हरेक देशमा एनआरएनएको दुईवटा राष्ट्रिय समिति बन्न गए । कतिपय देशमा तीनवटासम्म बनेको छ। ती सबै समितिले एकठाउँमा आएर प्रतिनिधि चयन गरेको र अन्तर्राष्ट्रिय अधिवेशनपछि सबै समानान्तर समितिलाई वैधानिक रूपमै सम्मेलन गराएर एकठाउँ ल्याइने पनि अध्यक्ष केसी बताउँछन् ।

**सात वर्षदेखि बिग्रिएको थिति, दुःखी छन् महतो**

करिब २३ वर्षअघि आफूसहितका विदेशिएका नेपालीले पहल गरेर स्थापना गरेको एनआरनएमा देखिएको विग्रहबाट दुःखी छन्, संस्थापक अध्यक्ष उपेन्द्र महतो । एनआरएनएको पुस्तक विमोचनमा महतोले वर्तमान अध्यक्षहरू बद्री केसी र महेशकुमार श्रेष्ठलाई एकतामा सबै आकांक्षी सहमत भए मात्र अधिवेशनको मञ्चमा बस्ने बताएको जनाए ।

अधिवेशनमा मध्यान्हसँग कुरा गर्दै उपाध्यक्ष पदका प्रत्याशी अमेरिका निवासी पूर्णचन्द्र बानियाँले सन् २०१९ देखि सुरु भएको विवाद र विग्रहका कारण गैरआवासीय नेपालीले गर्न सक्ने योगदानबाट देश वञ्चित हुनुपरेको बताए। त्यतिबेला तत्कालीन अध्यक्ष भुवन भट्टले आफू अनुकूलको नेतृत्व ल्याउन खोज्दा विवाद भएको थियो । त्यसपछि सन् २०२१मा कुमार पन्त अध्यक्ष निर्वाचित हुँदा प्रतिनिधि छनौट र मतदाता नामावलीका बारेमा विवाद उठेको थियो । पछिल्लोपटक बद्री केसी र महेशकुमार श्रेष्ठबीच अध्यक्षमा भएको प्रतिस्पर्धामा मतगणनासम्बन्धी विवादले अन्तर्राष्ट्रिय समिति तथा थुप्रै देशमा समानान्तर समिति बनेका थिए ।

**उम्मेदवारीको लर्को, सहमतिको अधिकतम प्रयास**

काठमाडौंको सोल्टी होटेलमा शनिबारदेखि सुरु हुने संस्थाको १२औं बृहत् एकताको अन्तर्राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदका लागि तीनजनाले उम्मेदवारी दिएका छन् । उम्मेदवारी दिनेमा बेलायत निवासी डा. हेमराज शर्मा, अमेरिका »» पृष्ठ २ मा

# जनताले पत्याएनन् क्रान्तिकारी गफ



४,११५



२४,६७६



६,१७२



२३,८६७

आफूलाई केपी ओली र प्रचण्डभन्दा क्रान्तिकारी ठान्ने बाबुराम भट्टराई, घनश्याम भुसाल, जनार्दन शर्मा र नेत्रविक्रम चन्द 'विप्लव' मात्रै होइन, झापा विद्रोहका नायक सीपी मैनालीसमेतले यो निर्वाचनमा नगन्य मत प्राप्त गरे । मतदाताले नपत्याएपछि उनीहरूको विचार र राजनीतिक भविष्यमाथि समेत प्रश्न उठेको छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ फागुन ।

अघिल्लो निर्वाचनमा रुपन्देही-३ बाट उम्मेदवार हुन चाहन्थे, घनश्याम भुसाल । राप्रपासँगको चुनावी तालमेलमा सो क्षेत्र एमालेको भागमा परेन । त्यसैले उनलाई टिकट दिइएन । टिकट नपाएको झोँकमा पार्टी परित्याग गरेका भुसाल रुपन्देही-१ बाट स्वतन्त्र उम्मेदवार उठे। उनलाई तत्कालीन कांग्रेस-माओवादी केन्द्रसहितको पाँचदलीय गठबन्धनको साथ थियो । तैपनि, भुसाल एमाले सचिव छविलाल विश्वकर्मासँग फराकिलो मतान्तरले पराजित भए ।

साढे तीन वर्षपछि २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भुसाललाई टिकटको समस्या थिएन । माओवादी केन्द्र र एकीकृत समाजवादीबीचको एकता छाडेर उनी नेकपा (संयुक्त)को कार्यवाहक अध्यक्ष बनेका थिए । तर, उनी उम्मेदवार बनेनन् । बरु भिडियो सन्देशमार्फत राजनीतिक विश्लेषण गरेर बसे। आफूलाई क्रान्तिकारी धार दाबी गर्ने भुसालको दलले चुनावमा समानुपातिकतर्फ जम्माजम्मी चार हजार एक सय १५ मत प्राप्त गरेको छ ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र माओवादी केन्द्र छाडेका जनार्दन शर्मा संरक्षक रहेको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)लाई पनि मतदाताले पत्याएनन् । भट्टराई सुरुमा आफैं गोरखाबाट उठेका थिए । एक चरण गाउँ घुमेपछि उनले आफ्नो हैसियत थाहा पाए । गोरखाका दुवै क्षेत्रमा कांग्रेस उम्मेदवारलाई सघाउने भन्दै उम्मेदवारी फिर्ता गरे । माओवादी सशस्त्र विद्रोहका एक मुख्य नेता भट्टराई देशको अर्थमन्त्री र प्रधानमन्त्रीसमेत भइसकेका छन् । तर, वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै एक दशकअघि वाम विचार छाडेका उनी अहिले दिशाविहीन बनेका छन् ।

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीमा नगएर पुष्पकमल दाहाल प्रचण्डविरुद्ध विद्रोह गरेका प्रलोपाका नेता जनार्दन शर्मा पनि आफ्नै परम्परागत निर्वाचन क्षेत्रमा तेस्रो स्थानमा खुम्चिए। नेकपाका गोपाल शर्मा २१ हजार ६ सय नौ मत ल्याएर विजयी हुँदा शर्माले १४ हजार तीन सय ४६ मत प्राप्त गरेका थिए । शर्माले २०६४ सालपछिका सबै निर्वाचनमा साविकको माओवादीबाट सोही क्षेत्रबाट निरन्तर जित्दै आएका थिए । प्रचण्डले पार्टीको नाम र झण्डा नै परिवर्तन गरेर २१ दलसँग एकता गरेपछि जनयुद्धदेखिको साथ छाडेर उनी छुट्टिएका थिए । प्रचण्डसँग छुट्टिएका शर्मा डा. बाबुरामतिर लागे । देशभर उनीहरूको दलले पराजय बेहोरेको छ । प्रलोपालाई देशभरबाट समानुपातिकतर्फ २४ हजार ६ सय ७६ मत मात्र प्राप्त भएको छ। आफ्नो गृहजिल्लामै पराजित भएपछि शर्माको आगामी राजनीतिक यात्रा सहज नभएको विश्लेषकहरू बताउँछन् ।

अर्का क्रान्तिकारी नेता हुन्, नेत्रविक्रम चन्द 'विप्लव' । २०६४ यताका सबै चुनाव बहिष्कार गर्दै बिथोल्न हिँडेको उनको समूह यसपटक चुनावमा सहभागी थियो । विप्लव आफैं चुनावमा नउठे पनि उनले गुलाब चिह्न लिएर नेकपा »» पृष्ठ २ मा

# साइलेन्ट किलर बन्दै हार्टअट्याक

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २९ फागुन



नेकपा एमालेका केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिकाका पूर्वमेयर कृष्ण थापा बिहीबार पार्टीको समन्वय कमिटीको बैठकलाई सम्बोधन गर्दै थिए। सम्बोधन गरेलगत्तै उनी अचानक ढले। उनलाई २० मिनेटमै मणिपाल शिक्षण अस्पताल लगियो । चिकित्सकले उनलाई हृदयाघात भएको बताए। उपचार सुरु नगर्दै उनको मृत्यु भइसकेको थियो ।

गत कात्तिक १३ गते एमालेनिकट मजदुर संगठन जिफन्टका केन्द्रीय उपाध्यक्ष कमल गौतम भाषण गर्दागर्दै बेहोस भएर ढले । भैरहवास्थित विद्युत् प्राधिकरणको कार्यालयअगाडि ट्रंकलाइन विवादबारेको विरोध उनी बोल्दैथिए। उनलाई तत्कालै थप उपचारका लागि अस्पताल लगियो । मणिग्रामस्थित क्रिमसन अस्पताल पुऱ्याइएलगत्तै चिकित्सकले मृत घोषणा गरे। ६५ वर्षीय गौतमको अस्पताल पुऱ्याएपछि चेकजाँच गर्दा चिकित्सकले हृदयाघातका कारण मृत्यु भइसकेको जानकारी गराए ।

चर्चित अभिनेता सुनील थापा मृत्युअघिको राति अबेरसम्म 'राम नाम सत्य'को सुटिङ सेटमा सक्रिय थिए । सेटको कल टाइममा पुग्न भ्याउनेगरी छिटो उठाइदिन नजिकका साथीभाइलाई आग्रह गरेर सुतेका उनी कहिल्यै बिउँझिएनन् । गत माघ २५को बिहान स्वास्थ्यमा समस्या भएपछि थापालाई अस्पताल लगिएको थियो । लगत्तै त्रिवि शिक्षण अस्पताल महाराजगन्जले उनको हृदयाघातबाट मृत्यु भएको घोषणा गऱ्यो। कफी र चुरोटमा 'इन्जोय' गर्ने सुनीललाई आफ्नै अम्मल घातक बन्न पुग्यो। ६८ वर्षीय अभिनेता थापा संसारबाट बिदा भएको एक महिना पुगेको छ। उनको पोस्टमार्टम रिर्पोटमा 'मुटुको नसा ब्लक भएका कारण हृदयाघात भएर मृत्यु भएको' उल्लेख छ ।

लोकप्रिय गायक तथा अभिनेता प्रशान्त मृत्यु हुनु केही दिनअघिसम्म पनि काममै व्यस्त थिए। तामाङको स्वास्थ्यमा कुनै समस्या देखिएको थिएन । सामाजिक सञ्जालमार्फत उनका नयाँ परियोजनाबारे चर्चा भइरहेका थिए । इन्डियन आइडलको तेस्रो संस्करण जितेपछि अत्यधिक चर्चामा आएका तामाङ पछिल्लो समय बलिउड सुपरस्टार सलमान खान अभिनीत चलचित्र 'ब्याटल अफ गलवान'मा अभिनय गर्दै थिए। सो फिल्मका केही दृश्यको डबिङ अझै बाँकी नै थियो। सोही समयमा उनको पुस २९ गते मृत्यु भयो । दिल्लीस्थित आफ्नै निवासमा हृदयाघातका कारण निधन भएको खबरले परिवार, शुभेच्छुक र कलाक्षेत्रका »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मध्यपूर्व तनाव

# रोजगारी, अर्थतन्त्र र ऊर्जामा संकटको जोखिम

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

नेपालमा भित्रने विप्रेषण (रेमिट्यान्स) र इन्धनको प्रमुख स्रोतका रुपमा रहेका मध्यपूर्वी देशहरूमा पछिल्लो समय विकसित तनावका कारण मुलुकको अर्थतन्त्र र ऊर्जा क्षेत्रमा गम्भीर संकट देखापर्न सक्ने सम्भावना औंल्याइएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको 'पश्चिम एसियाको समस्या र नेपाली अर्थतन्त्रमा देखिने प्रभाव' विषयक अन्तरक्रियामा अर्थ-आप्रावसन क्षेत्रका जानकार हरूले उक्त संकटबाट जोगिन जतिसक्दो चाँडो पूर्वतयारीका काम अघि बढाउन सरकारको ध्यानाकर्षण »» पृष्ठ २ मा

## कम्बोडियाबाट २१ नेपालीको उद्धार

काठमाडौं/मस- विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी कम्बोडिया पुगेका र त्यहाँ अवैध रूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्र तथा क्यासिनोमा अनलाइन ठगीमा परेका २१ नेपाली नागरिकको उद्धार गरी स्वदेश »» पृष्ठ २ मा



मध्याह्न
www.madhyanhadaily.com
३० फागुन २०८२ शनिबार
14 March 2026 Saturday

# बाढीले उठिबास लागेका मोहनप्रसाद बेघरबार भएरै बिते

**अस्मिता बम/मध्याह्न**
काठमाडौं, २९ फागुन

पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीका बुवा मोहनप्रसाद ओलीको ९७ वर्षको उमेरमा निधन भएको छ। उनी लामो समयदेखि बिरामी थिए। स्वास्थ्य स्थिति जटिल बनेपछि शुक्रबार बिहान भक्तपुरको गट्ठाघरस्थित नेपाल-कोरियामैत्री नगर अस्पताल लगिएको थियो। त्यहीँ उनको निधन भएको हो।



मोहनप्रसादको जीवन उतारचढावपूर्ण छ। तेह्रथुबाट झापा बसाइँ सरेका उनको घरखेत माइखोलाको बाढीले बगायो। पछि बनाएको सानो घर पनि आगलागीमा जलेर नष्ट भयो। धेरै वर्ष विस्थापन र अभावमै बिताएका मोहनप्रसाद जीवनको अन्तिम समयमा पनि घरबारविहीन भएरै बिते। गत २३-२४ भदौको जेनजी आन्दोलनका बेला पूर्वप्रधानमन्त्री ओलीको बालकोटस्थित निवास आगजनी गरियो। झापामा रहेको कान्छो छोराको घर पनि जलाइएपछि उनी छोरीको घरमा बस्दै आएका थिए।


तेह्रथुमको इवा गाउँमा जन्मिएका मोहनप्रसादको बाल्यकाल साधारण गाउँले परिवेशमा बित्यो। सानैदेखि पढ्ने रहर थियो। तर आर्थिक कारणले परिवारले विद्यालय पठाएन। उनी सुरुमा लुकेर स्कुल जान्थे। पछि आमाले छोराको पढ्ने रहर बुझेर स्कुल भर्ना गरिदिइन्। त्यो बेला पढाएबापत शिक्षकलाई एक पाथी चामल दिनुपर्ने चलन थियो। तीन महिना मात्रै पढ्न पाएका मोहनप्रसाद स्वअध्ययनले पढालेखा बने।

१४ वर्षको उमेरमा विवाह गरेका मोहनप्रसादबाट पहिलो सन्तानका रूपमा केपी जन्मिए। तर उनले सानै छँदा आमा गुमाए। केपीलाई उनकी हजुरआमा राममायाले हुर्काएकी हुन्। मोहनप्रसादले दोस्रो विवाह गरे। दोस्रो श्रीमतीतर्फबाट एक छोरा र तीन छोरी जन्मिए।

ओली परिवार २०२३ सालतिर बसाइँ सरेर झापा झरेको हो। निम्न मध्यम किसान परिवारलाई २०३१ सालको बाढीले विस्थापित गर्‍यो। उनीहरूको घरखेत सबै बग्यो। उनीहरू घरबारविहीन एवं सुकुम्बासी बने। मोहनप्रसादले छिमेकीकहाँ आश्रय लिएर र अरूको खेत अधियाँ गरेर बालबच्चा हुर्काए। त्यतिबेलासम्म केपी ओली झापा विद्रोहमा लागिसकेका थिए। बाढीले घरखेत बगाएकै बेला केपीलाई प्रहरीले पक्राउ गर्‍यो। 'मैले दुःखसुख दुवै भोगेको छु। त्यसैले दुःखमा आत्तिने र सुखमा मात्तिने काम मबाट कहिल्यै हुन्न' मोहनप्रसादले भिडियो कुराकानीमा भनेका छन्।

बाढीपीडितलाई सरकारले पुनर्वास गर्ने योजना बनायो। झापाको पृथ्वीनगर क्षेत्रमा केही विस्थापित परिवारलाई बसोवासको व्यवस्था गरियो। केपी ओलीको बुवा भएकै कारण मोहनप्रसादको परिवारलाई वञ्चित गरियो। धेरै दुःख गरेर अन्ततः उनले सानो घडेरी किनेर घर बनाए। त्यो घर पनि २०५१ सालमा आगलागीमा जलेर नष्ट भयो। मोहनप्रसादले सक्रिय जीवन खेतीकिसानी गरेर बिताए। उनको जीवनशैली सरल र मिहिनेती थियो।

छोरा प्रधानमन्त्री हुनुअघिसम्म उनी काठमाडौं पनि खासै आउँदैनथे। केपी प्रधानमन्त्री भएपछि भने उनले बुवालाई बोलाएर बालुवाटारमै राखे। उनी बालुवाटार, बालकोट र पृथ्वीनगर ओहरदोहोर गरिरहन्थे। काठमाडौंभन्दा गाउँघर, आफन्त र छरछिमेकीसँग उनी धेरै रमाउँथे। केहीअघि उनले मिडियासँग भनेका पनि थिए, 'मलाई काठमाडौं बस्न खासै मन लाग्दैन। त्योभन्दा गाउँघरै ठिक लाग्छ।' उनी हँसिला, वाकपटु र ठट्यौली स्वभावका थिए। उखान-टुक्का मिसाएर रमाइलो शैलीमा कुरा गर्ने उनको बानी थियो। ज्योतिष विद्यामा पनि उनको रुचि थियो।



जीवनका धेरै उतारचढाव पार गरेका मोहनप्रसादले अन्तिम समय पनि असहज परिस्थिति भोग्नुपर्‍यो। भदौ २३ र २४मा भएको जेनजी आन्दोलन हुँदा उनी प्रधानमन्त्री निवास बालुवाटारमै थिए। हिंसा भड्किएपछि आक्रोशित भिडले बालुवाटार घेर्न थाले। त्यहीबेला तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए। लगत्तै नेपाली सेनाले हेलिकोप्टरमार्फत मोहनप्रसादसहित ओली परिवारलाई सुरक्षित स्थानमा सार्‍यो। केपी ओली सैनिक ब्यारेकमै रहेका बेला सुरक्षाकर्मीले मोहनप्रसादलाई गट्ठाघरस्थित छोरी कौशिला कोइरालाको घरमा ल्याएर छाडिदिएका थिए।

# स्वास्थ्यमन्त्री डा. सुधा शर्माद्वारा पशुपति चौलागाईं अस्पतालको निरीक्षण

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्माले शुक्रबार पशुपति चौलागाईं अस्पतालको स्थलगत अनुगमन तथा निरीक्षण गरेकी छिन्।




निरीक्षणका क्रममा मन्त्री शर्माले अस्पतालको भौतिक पूर्वाधार, उपलब्ध जनशक्ति तथा सेवा प्रवाहको अवस्थाबारे अवलोकन गर्नुका साथै सम्बन्धित अधिकारीहरूसँग जानकारी लिएकी थिइन्।

निरीक्षणका क्रममा अस्पताल प्रशासनले संस्थाको वर्तमान अवस्था, बिरामीहरूको बढ्दो चाप तथा कार्यसम्पादनका क्रममा देखिएका प्रशासनिक र प्राविधिक चुनौतीबारे मन्त्रीलाई जानकारी गराएको थियो। साथै उपस्थित सरोकारवालाहरूले जिल्लाको समग्र स्वास्थ्य सेवाको अवस्थाबारे पनि जानकारी गराएका थिए।

सो अवसरमा मन्त्री शर्माले स्वास्थ्य सेवा प्रवाहमा संलग्न प्रदेश सरकार र स्थानीय सरकारअन्तर्गतका स्वास्थ्य संस्थाहरूको प्रशंसा गर्दै तीनै तहबीचको समन्वयलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको उल्लेख गरिन्। कार्यक्रममा स्थानीय, प्रदेश र संघीय तहबीचको समन्वय, आधारभूत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्य बीमा कार्यक्रमका समस्या, डायलाइसिस सेवा तथा चिकित्सक तथा स्वास्थ्यकर्मीको टिकाउ व्यवस्थापनका विषयमा समेत छलफल गरिएको थियो।

निरीक्षण कार्यक्रममा स्थानीय तहका प्रमुख, जनस्वास्थ्य कार्यालयका प्रतिनिधि, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, मेडिकल सुपरिन्टेन्डेन्ट तथा अस्पतालका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

# बढ्दो यौन हिंसा र हत्याका घटनाप्रति ध्यानाकर्षण

**काठमाडौं/मस-** बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले पछिल्लो समय बालिका तथा किशोरीमाथि हुने यौन हिंसा, बलात्कार, हत्या तथा शोषणका घटनाप्रति चिन्ता व्यक्त गरेको छ।

सुर्खेतको वीरेन्द्रनगरमा १६ वर्षीया किशोरी इनिशा विकमाथि सामूहिक बलात्कारपछि हत्या र कञ्चनपुरमा १२ वर्षीया बालिकामाथि सामूहिक बलात्कार भएको घटना तथा दैलेखमा १२ वर्षीया बालिका आफ्नै काकाबाट बलात्कृत भइ गर्भवती भएको घटना सार्वजनिक भएकामा सिजपले गम्भीर चिन्ता व्यक्त गरेको हो।

त्यसैगरी सामाजिक सञ्जालमार्फत चिनजान गरी एक किशोरीलाई नग्न भिडियो बनाएर चार वर्षसम्म निरन्तर 'ब्ल्याकमेल' र बलात्कार गरिएको कैलाली टीकापुरको घटनाले डिजिटल यौन शोषण र बालिकामाथि हुने दीर्घकालीन हिंसाको भयावह रूप देखाएको सिजपले जनाएको छ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले एक विज्ञप्ति जारी गरी यी घटनाहरूले नेपालमा बालिका तथा किशोरीमाथि हुने यौन हिंसा, शारीरिक शोषण, अनलाइन दुर्व्यवहार र हत्याजस्ता अपराध बढ्दो क्रममा रहेको संकेत गरेको र बालबालिकामाथि हुने यस्तो जघन्य हिंसाले बाल अधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि तथा नेपालको संविधानले सुनिश्चित गरेको बाल संरक्षणको अधिकारको गम्भीर उल्लंघन गरेको जनाएका छन्।

'सबै घटनाको छिटो, निष्पक्ष र पारदर्शी अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कडा कारबाही गर्न र पीडित तथा पीडित परिवारलाई मनोसामाजिक परामर्श, कानुनी सहयोग तथा उचित क्षतिपूर्ति उपलब्ध गर्न माग गर्दछौं', विज्ञप्तिमा भनिएको छ।

---

**एनआरएनएमा...**

निवासी रविनराज बज्राचार्य तथा जापान निवासी रविनप्रसाद शेरचन रहेका छन्। यसैगरी ६ जना निर्वाचित हुने उपाध्यक्ष पदमा जापानबाट दाडीवाल खड्का, अस्ट्रेलियाबाट दिनेश पोखरेल, दक्षिण कोरियाबाट जुनु गुरुङ, बेल्जियमबाट लोकप्रसाद दाहाल, अस्ट्रेलियाबाटै महेन्द्र ओली, युएईबाट मनोजकुमार श्रेष्ठ, कतारबाट प्रविन गुरुङ, अमेरिकाबाट पूर्णचन्द्र बानियाँ, बेलायतबाट रोजिना प्रधान राई र जाम्बियाबाट रोशन थापासमेत गरी ११ जनाको उम्मेदवारी परेको छ। त्यस्तै, महिलातर्फको उपाध्यक्ष पदमा हङकङकी राधिका गुरुङको एक मात्र उम्मेदवारी परेको छ। युवा उपाध्यक्षतर्फ एक पदका लागि पोर्चुगलका भीमसेन थापा, अस्ट्रेलियाका मदनराज पौडेल र बेलायतका ओमन गौचनको उम्मेदवारी परेको छ।

एकजना महासचिवका लागि चेक रिपब्लिकका चिरञ्जीवी खड्का र बेलायतका रामशरण सिंखडाको उम्मेदवारी छ। 'सबै पदमा सर्वसम्मतिको प्रयास हुनेछ। हुनै नसकेमा मात्र मतदानमा जान्छौं,' अध्यक्ष केसीले भने।

खाडी राष्ट्रबाट अनलाइन उम्मेदवारी

अमेरिका-इरान युद्धका कारण खाडी देशहरूमा उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गरी एनआरएनएले मध्यपूर्वका एसियाली राष्ट्रहरूमा बसोवास गर्ने प्रतिनिधिका लागि अनलाइन उम्मेदवारी दर्ताको सुविधा दिएको छ। उनीहरूले अनलाइन माध्यमबाट जुनसुकै पदमा उम्मेदवारी दर्ता गर्न सक्ने अस्थायी व्यवस्था लागू गर्ने निर्णय गरिएको छ।

निर्णयमा त्यस्ता उम्मेदवारका प्रस्तावक तथा समर्थकलाई भौतिक रूपमा निर्वाचन कार्यालयमा उपस्थित भई सनाखत गर्नुपर्ने अनिवार्यता लागू नहुने व्यवस्थासमेत गरिएको छ। खासगरी उत्तर-दक्षिण अमेरिका, युरोप, अस्ट्रेलिया तथा अफ्रिकाबाट नेपाल यात्रा गर्दा मध्यपूर्वका एसियाली राष्ट्रलाई ट्रान्जिटका रूपमा प्रयोग गर्नुपर्ने अवस्थालाई दृष्टिगत गर्दै सनाखत गर्नुपर्ने बाध्यता लागू नहुने निर्णय गरिएको हो। संस्थाले त्यसको जानकारी परराष्ट्र मन्त्रालयलाई गराएको थियो।

निर्णयमा यो व्यवस्था 'विशेष परिस्थितिमा आधारित अस्थायी सहजीकरण'का रूपमा लागू गरिने र महाधिवेशनसम्बन्धी प्रक्रियाका लागि मात्र सीमित रहने पनि निर्णयमा उल्लेख छ।

एनआएनएले देशका लागि गर्न खोजेका चार काम

अध्यक्ष बद्री केसीका अनुसार सर्वसम्मत्त नेतृत्व चयन र एकतासँगै गैरआवासीय नेपालीको सीप र सामर्थ्यलाई देशको समृद्धिका लागि चारवटा क्षेत्र तोकेर लगाउन खोजेको छ। यसमा पहिलो गैरआवासीय नेपालीबाट हुने लगानीका लागि आवश्यक कानुनी सुधार रहेको उनी बताउँछन्। त्यस्तै दोस्रो पुस्ताका एनआरएनहरूलाई नेपाल राष्ट्र, राष्ट्रियता, नेपाली संस्कृति र सम्पदासम्बन्धी पुर्ख्यौली ज्ञान र लगाव हस्तान्तरण दोस्रो कामको रूपमा छ। तेस्रो कामका रूपमा स्वदेशमा रहेका र विदेशमा रहेका नेपाली महिलामा उद्यमशीलता विकास गर्न एनआरएनएले गर्न सक्ने भूमिकाको पहिचान र चौथोमा देशमा गैरआवासीय नेपाली ऐन ल्याउनु रहेका छन्। सम्मेनलमा अलग-अलग सत्रमा यससम्बन्धी छलफल हुने जानकारी पनि अध्यक्ष केसीले दिए।

**जनताले...**

माओवादी पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'सहितलाई १३० क्षेत्रमा उम्मेदवार उठाएका थिए। प्रकाण्डले आफ्नै गृहजिल्ला कालिकोटमा १८ वर्षपछि चुनाव उठ्दा लज्जास्पद हार बेहोर्नुपर्‍यो। यो दलका अधिकांश उम्मेदवारको जमानत जफत भएको छ। समानुपातिकमा नेकपा माओवादीलाई देशभरबाट २३ हजार ८६७ भोट प्राप्त भएको छ।

झापा विद्रोहका नायक हुन्, सिपी मैनाली। २०५४ सालमा एमाले विभाजनपछि बनेको नेकपा (माले)का महासचिव वामदेव गौतम एमालेमै फर्किएपछि पनि उनले मालेलाई निरन्तरता दिँदै आएका छन्। उनको वैचारिक धार त अस्पष्ट भइसकेको छ, तर दुई ठूला वाम दल एमाले र नेकपाभन्दा आफूलाई क्रान्तिकारी ठान्छन्। तर, बितेको दुई दशकमा उनको दलले प्रत्यक्षतर्फ एक सिट पनि जितेको छैन। यसपटकको निर्वाचनमा मालेले समानुपातिकतर्फ ६ हजार एक सय ७२ मत प्राप्त गरेको छ।

आफूलाई क्रान्तिकारी ठान्ने नेता र दलको अवस्था दयनीय हुनुले कम्युनिस्ट आन्दोलनका दोस्रो पुस्ताका नेताहरूको राजनीतिक भविष्यमाथि नै प्रश्नचिह्न खडा भएको वाम विश्लेषक मुमाराम खनाल बताउँछन्। आफूलाई बडो क्रान्तिकारी ठान्दै ठूला कम्युनिस्ट पार्टीबाट फुटेर नयाँ दल निर्माण गरेका क्रान्तिकारी धारका नेताहरू निर्वाचनमा 'जनबहिष्कार'मा परेको उनको टिप्पणी छ।

'क्रान्तिकारी धारको नेतृत्व गर्छौं भन्ने बाबुराम भट्टराई, घनश्याम भुसाल, जनार्दन शर्मा र नेत्रविक्रम चन्द 'विप्लव'को एजेन्डालाई मतदाताले अनुमोदन नगरेपछि राजनीतिक विलखबन्दमा परेका छन्,' खनालले भने। जेनजी आन्दोलनपछि दल दर्ता गरेर निर्वाचनमा होमिएका उनीहरूको राजनीतिक धारलाई जनताले नरुचाएपछि यी नेताहरू मूलधारको राजनीतिबाटै पलायन हुने अवस्थामा पुगेका छन्।

**साइलेन्ट...**

सहकर्मीलाई स्तब्ध बनायो। पछिल्लो समय सामान्य जीवनशैलीका देखि व्यस्त व्यक्तिहरूमा हृदयाघात बढ्दै गएको छ। जसका कारण मृत्यु हुनेको संख्या बढ्दै गएको छ। हृदयाघातका जहाँ, जतिबेला जसलाई पनि हुनसक्छ। अप्रत्याशित मृत्यु बढ्दै गएको छ। 'साइलेन्ट किलर'का रूपमा हृदयाघातले अकालमै धेरैको जीवन खोसेको छ।

**के हो हृदयाघात ?**

मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रत्नमणि गजुरेलका अनुसार, मुटुको कुनै पनि धमनीमा शतप्रतिशत अवरोध भई रक्तसञ्चारमा अवरोध हुनु हृदयाघात हो। यी धमनी वा धमनीका शाखाभित्र अकस्मात् रगत जम्दा, रगतको थेग्लाले धमनी थुनिदिँदा, थुनिएको भागभन्दा अगाडिका हृदयपेशीहरू अक्सिजन र पोषकतत्वको अभावमा मर्न गई देखापरेको आपत्कालीन समस्या हो। मुटुको मांसपेशीले काम गर्न नसक्नु र अन्त्यमा सो भागको मृत्यु हुनु हो। मुटुको देब्रे मुख्य धमनीमा अवरोध भएमा हृदयाघात प्राणघातक पनि हुन सक्छ भने स-साना धमनीको अवरोध भएर भएको हृदयाघात कहिलेकाहीँ मानिसलाई थाहा नहुन पनि सक्छ।

उच्च रक्तचाप, मधुमेह र कोलेस्टेरोललाई समयमा नै नियन्त्रणमा राख्न सकेमा ५० प्रतिशत हृदयाघात कम हुनसक्छ। मोटोपन कम गर्ने, व्यायाम नियमित गर्ने, मानसिक तनाव हुन नदिने, जीवनशैलीमा सुधार ल्याउने हो भने समयमा नै यो रोगलाई नियन्त्रण गर्न सकिन्छ। यो रोगका साधारण लक्षण मात्र हुने भएकाले समयमा निदान गर्न निकै कठिन भएको हो। मुख्य समस्या जनचेतनाको कमी हो। दीर्घरोगीले एसप्रिन नामक औषधि साथमा राख्न उनको सुझाव छ। 'यदि तपाईं उच्च रक्तचाप, मधुमेह र मिर्गौलाका रोगी हुनुहुन्छ भने धेरै सतर्क हुनुपर्छ,' उनले भने, 'यदि छातीमा अचानक असहज भयो, भारीपन महसुस भयो र हृदयाघातको शंका लाग्नासाथ यो औषधि चपाउनुपर्छ। यदि कसैलाई छाती दुख्ने, अकस्मात् सास लिन गाह्रो हुने अवस्था आएमा तुरुन्तै नजिकको स्वास्थ्य केन्द्रमा गएर इसिजी गर्नु नै उचित हुने उनले बताए।

**लक्षण**

मुटुरोग विशेषज्ञ डा. गजुरेलका अनुसार हृदयाघात हुनुभन्दा अगाडि यसको साधारण लक्षण मात्र हुन्छ। व्यायाम गर्दा, उकालो चढ्दा, भऱ्याङ उक्लँदा, मानसिक तनाव बढ्दा छातीको बीचमा वा देब्रेतिर भारी हुने, ढुंगाले थिचेजस्तो अनुभव हुने, स्वाँस्वाँ बढ्ने तर आराम गरेपछि सन्चो हुने। कहिलेकाहीँ देब्रे हातमा वा च्यापुतिर पनि दुखाइ सरेको जस्तो पनि हुनसक्छ। ठूलो धमनीमा अवरोध भएमा छातीको बीच वा देब्रेतिर बेस्सरी थिचेको जस्तो दुख्छ, चिटचिट पसिना आउँछ, वाकवाक लाग्ने र बेहोस पनि हुन सक्छ। यदि यस्तो लक्षण देखापरेमा तुरुन्त मुटुरोग विशेषज्ञको परामर्श लिन जरुरी हुने डा. गजुरेलको सुझाव छ।

**हृदयाघातको कारण**

धूमपान, उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टेरोल, व्यायामको कमी, मानसिक तनाव, अस्तव्यस्त जीवनशैलीका कारण हृदयाघात हुने गरेको बताउँछन्, वरिष्ठ मुटुरोग विशेषज्ञ डा.भगवान् कोइराला।

रगतमा उच्च कोलेस्टेरोल, उच्च ट्राइग्लिसराइड, उच्च एलडिएल कोलेस्टेरोल, उच्च नन्एचडिएल वा भिएलडिएल कोलेस्टेरोल, निम्न एचडिएल कोलेस्टेरोल, उच्च रक्तचाप, मधुमेहले मानिसमा हृदयाघात हुन्छ,' उनले भने, 'धूमपान, मद्यपान, निष्क्रिय जीवनशैली, मोटोपन, पोषणयुक्त खानाको अभाव नै मुख्य कारण हो।'

हृदयाघात विभिन्न कारणले हुने भएकाले यही कारणले नै हुन्छ भन्ने निश्चित नहुने उनको भनाइ छ। उनले भने, 'सामान्यतया मुटुमा रहेका रगतका नसाहरूमा बोसो जमेपछि नसा साँघुरो हुन्छन् र हृदयाघातको जोखिम बढ्ने गर्छ।' उनका अनुसार हृदयाघातको ९० प्रतिशत घटना यसैको कारण हुन्छ। रक्तनलीमा भर्खर-भर्खर बोसो जम्न थाले पनि सो ठाउँमा तनाव बढी भएमा च्यातिने गर्छ। जसले गर्दा प्रवाह भइरहेको रगत जमेर एक ढिक्का हुन पुग्छ। जसले रक्तनलीमा अवरोध गरी हृदयाघातको जोखिमलाई बढाउने गर्छ। यो अवस्थालाई चिकित्सकीय भाषामा 'मायोकार्डियल इन्फ्राक्सन' भन्ने गरिन्छ।

**शौचालयमा किन हुन्छ हार्ट अट्याक ?**

संविधानसभाका अध्यक्ष एवं एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ साँझपख खाना खाएर आराम गरिरहेका थिए। उनलाई एक्कासि बान्ता आउलाजस्तो भयो। उनी बान्ता गर्न शौचालयमा गए। उनलाई बान्तासँगै चक्कर लाग्यो र त्यहीँ लडे। यो २०८० भदौ २६ गतेको घटना हो। त्यो बेला उनलाई हृदयाघात भएको थियो। धेरै समयसम्म शौचालयबाट नआएपछि परिवार हेर्न जाँदा उनी लडेको अवस्थामा भेटिए। हतारहतार उपचारका लागि राति १:३० बजे त्रिवि शिक्षण अस्पताल लगियो। उनको उपचारका क्रममा त्यहीँ निधन भयो।

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल'प्रचण्ड'का छोरा प्रकाश दाहालको पनि हृदयाघातका कारण मृत्यु भएको थियो। हृदयाघातको पहिलो लक्षण बान्ता आउनु र शौच लागेजस्तो हुनु हो। त्यसकारण अक्सर मानिसहरू शौचालय जान्छन् र त्यहीँ अचेत अवस्थामा लड्छन्।

**मध्यपूर्व तनाव...**

गराए। अमेरिका/इजरायल-इरान तनावका बीच विश्वव्यापी ऊर्जा संकट गहिरिँदै गएको र त्यसबाट नेपालजस्ता विप्रेषणमा आधारित अर्थतन्त्र भएका तथा आयातित इन्धनमा भरपर्नुपर्ने मुलुकहरू बढी प्रभावित हुने उनीहरूको आकलन छ। मध्यपूर्वी क्षेत्रमा द्वन्द्व बढ्दै गएमा पेट्रोलियम पदार्थको अभाव हुने, नेपाली श्रमिकको रोजगारी कटौती हुने र त्यसबाट रेमिट्यान्स घट्न गई नेपालीको चुलोचौकोमा समेत नकारात्मक प्रभाव पर्ने टिप्पणी हुँदै आएको छ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा गुणाकर भट्टले पछिल्लो समय पश्चिम एसियामा देखिएको तनावका कारण नेपालमा ऊर्जा र खाद्य सुरक्षामा चुनौती थपिन सक्ने बताए। 'अब ऊर्जा र खाद्य सुरक्षामा नेपालले ध्यान दिनुपर्छ, पेट्रोलियम पदार्थसहितका दैनिक अत्यावश्यक वस्तुको उचित मौज्दात राख्ने र त्यसको व्यवस्थापनमा मेहनत गर्नुपर्छ,' उनले भने।

अब गठन हुने सरकारले चुलिँदो विश्वव्यापी संकटसँग जुध्नसक्ने योजना र कार्यक्रम बनाउनुपर्नेमा जोड दिँदै पूर्वकार्यकारी निर्देशक भट्टले आपूर्ति प्रक्रियामा जिम्मेवार सरकारी संस्थाहरूको प्रभावकारी परिचालन हुनुपर्ने बताए। पेट्रोलियम पदार्थको आयातमा नेपाल पूर्णरुपमा भारतमा निर्भर रहेको अवस्थामा भारतमै पेट्रोलियम पदार्थका अभाव देखिँदा त्यसको प्रभाव स्वतः नेपाली बजारमा पर्ने उनको भनाइ छ। श्रम आप्रवासन क्षेत्रका जानकार रामेश्वर नेपाल मध्यपूर्वी मुलुकमा तनाब बढ्दै जाँदा विप्रेषण, रोजगारी र नेपाली श्रमिकको सुरक्षामा चुनौती थपिन सक्ने बताउँछन्। पछिल्लो समय मध्यपूर्वमा कार्यरत श्रमिक ठुलो तनावका बीचमा रहेको उल्लेख गर्दै उनले प्रभावित मुलुकमा रहेका श्रमिकलाई सरकारले सुरक्षामा आश्वस्त पार्न नसकिरहेको बताए।

'विकसित घटनाक्रममा सरकारले तत्काल नेपाली श्रमिकलाई रेस्पोन्स गर्न सक्यो, तर आश्वस्त बनाउन सकेन, संवेदनशील क्षेत्रमा रहेका श्रमिकको उद्धार गर्नुपर्ने अवस्था आइसकेको अवस्थामा सरकारले आफ्ना नागरिकलाई सुरक्षित भएर बसमात्रै भन्न मिल्दैन,' उनले भने, 'प्राप्त जानकारीअनुसार हालसम्म द्वन्द्वमा मारिनेमा आप्रवासी श्रमिक छन्, सम्बन्धित मुलुकले पर्याप्त सुरक्षा दिन नसक्दा आप्रवासी श्रमिक बढी प्रभावित भइरहेका छन्।'

मध्यपूर्व र खाडीका देशमा झन्डै २० लाख नेपाली श्रमिक कार्यरत रहेका छन्। त्यहाँका नेपाली श्रमिकलाई सुरक्षित तुल्याउने र आवश्यक परेको खण्डमा उद्धार गर्ने सन्दर्भमा सरकारले तयारी गरिरहेको छ। खाडी मुलुकमा कार्यरत कानुनी हैसियत गुमाएका नेपाली श्रमिक यसबाट बढी प्रभावित हुने विज्ञको चिन्ता छ। ती देशमा मुख्यगरी निर्माण, सुरक्षा र सेवा क्षेत्रमा नेपाली श्रमिक रहेका छन्।

नेपालबाट दैनिक करिब एक हजार ५०० भन्दा बढी युवा रोजगारीका लागि खाडीको क्षेत्र जाने गरेको छन्। मध्यपूर्वी देश द्वन्द्वमा फस्दै जाँदा नेपाली युवाका लागि रोजगारीको अवसर गुम्न सक्ने अनुमान छ।

सेजनका अध्यक्ष भागवत भट्टराईले मध्यपूर्वी क्षेत्रमा ठूलो संख्यामा नेपाली कामदारहरू रहेको र पछिल्लो समय विकसित घटनाक्रमबाट नेपालमा पर्न सक्ने आर्थिक र सामाजिक प्रभावबारे सरकारलाई झक्झकाउन र देखिएका अन्योल हटाउन सरोकारवाला र विज्ञसँग अन्तरक्रिया गरिएको बताए।

**काम्बोडियाबाट...**

फर्काइएको छ। विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा बिनाभिसा बसिरहेका २१ नेपालीलाई थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ कम्बोडियाको सहजीकरणमा शुक्रबार नेपाल फर्काइएको हो। यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ।

कम्बोडियामा नेपाली नागरिकलाई अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाभिसा वा भिसा अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको राजदूतावासले जनाएको छ। साथै दूतावासले अवैध रूपमा र आप्ठ्यारो अवस्थामा बसिरहेका नेपालीलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली दूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरेको छ।

स्क्यामिङ केन्द्रमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनि धेरै जनाको गुनासो आएको देखिन्छ। त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई हजार ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यान्मा थाइल्याण्डलगायत मुलुकमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि दूतावासले अनुरोध गरेको छ।

मध्यान्ह
www.madhyanhadaily.com



# वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजार मानिसको मृत्यु



**काठमाडौं/मस–** वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताए।

वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उनले बताए।

प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनु जस्ता समस्या पनि देखिने गरेका विज्ञहरूले बताउने गरेका छन्।

यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन्।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए। नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उनले बताए।

डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन। सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा.बुढाथोकीले बताए। नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उनले बताए।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका)का लागि हानिकारक मानिन्छ। वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ।

यसलाई डब्लुएचओको मापदण्डभित्र पुऱ्याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ। वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन्।

वायु प्रदूषण सवारी साधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ।

# 'उम्मेदवारको खर्चमा पारदर्शिता देखिएन'




**काठमाडौं/मस–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारहरुको खर्चमा पारदर्शीता नदेखिएको संयुक्त प्रारम्भिक पर्यवेक्षण प्रतिवेदनले जनाएको छ। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी नेपाल)को संयुक्त प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा निर्वाचनको अभियान खर्चमा कानुनी सीमा र वास्तविक खर्चबीच ठूलो अन्तर देखिएको उल्लेख छ।

प्रतिवेदनमा निर्वाचन आयोगले उम्मेदवारका लागि तोकिएको खर्च सीमाभन्दा व्यवहारमा करोडौं रुपैयाँसम्म खर्च भएको पाइएको उल्लेख छ। शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत नियोकका अध्यक्ष डा.गोपालकृष्ण सिवाकोटीले अभियान खर्च र प्रचार विधिबारे निर्वाचन खर्च सम्बन्धि विस्तृत अनुसन्धान प्रतिबेदन छुट्टै प्रकाशन गरिने जानकारी दिए।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि भूगोलअनुसार अधिकतम खर्च सीमा ३३ लाख तोकिएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि करिब दुई लाख खर्च सीमा निर्धारण गरिएको थियो। तर उच्च प्रोफाइल निर्वाचन क्षेत्रमा वास्तविक खर्च आयोगले तोकेको खर्चको सीमाभन्दा बढी भएको पाइएको डा.सिवाकोटीले बताए। अन्य क्षेत्रमा समेत तोकिएको सीमाभन्दा १० गुणा बढीसम्म खर्च गरेको पाइएको प्रतिवेदनको दाबी छ।


यस्तै, डिजिटल प्रचारप्रसारमा बढ्दो निर्भरता पनि खर्चको पारदर्शिताका लागि चुनौती बनेको प्रतिवेदनले उल्लेख गरेको छ। उम्मेदवारी दर्तापछि सामाजिक सञ्जाल व्यवस्थापक, कन्टेन्ट क्रिएटर तथा डिजिटल प्रचारसम्बन्धी सेवाको माग उल्लेखनीय रूपमा बढेको र यस्ता सेवाको शुल्क लाखौं रुपैयाँसम्म पुग्ने गरेको उल्लेख गरिएको छ। तर, यी खर्चहरू प्रायः औपचारिक खर्च विवरणमा समावेश नहुने भएकाले 'अदृश्य खर्च' बढिरहेको प्रतिवेदनले औंल्याएको छ।

निर्वाचन आयोगले डिजिटल प्रचारको अनुगमनका लागि मेटा र टिकटक जस्ता सामाजिक सञ्जाल 'प्लेटफर्म'सँग सहकार्य गरेको थियो। त्यस्तै, संयुक्त राष्ट्रसङ्घ युएनडिपी र द एसिया फाउन्डेसनको प्राविधिक सहयोगमा सामाजिक सञ्जाल र 'डिजिटल' सामग्रीको निगरानीका लागि विशेष सफ्टवेयर प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ। तर, सामाजिक सञ्जालमार्फत हुने विज्ञापन खर्च अझै अपारदर्शी रहेको प्रतिवेदनले देखाएको इओसी नेपालका अध्यक्ष अधिवक्ता श्रीकृष्ण सुवेदीले बताए।

'यो केव वित्तीय खाडल केवल पारदर्शीताको समस्या होइन, यो एउटा संरचनागत बाधा हो, जसले महिला दलित उम्मेदवार र दाता सञ्जालसम्म पहुँचमा भएका व्यक्तिहरुलाई व्यवस्थित रुपमा अर्थपूर्ण प्रतिष्पर्धाबाट बाहिर राख्छ' उनले भने।

प्रतिवेदनमा पर्यवेक्षणका क्रममा निर्वाचन आयोगप्रति सरोकारवालाको भरोसा उच्च रहेको तर मतदाता शिक्षामा कमी र दुर्गम क्षेत्रमा सूचनाको असमान पहुँच व्यापक रुपमा देखिएको उल्लेख छ।

# नबिसौं इतिहासशिरोमणि आचार्यलाई



**काठमाडौं/मस–** इतिहासशिरोमणि बाबुराम आचार्यको १३९औं जन्मजयन्ती भव्य रूपमा मनाइएको छ। इतिहासशिरोमणि आचार्यको जन्मजयन्तीको अवसरमा नेपाल प्रज्ञाप्रतिष्ठानका शुक्रबार बाबुराम आचार्य र नेपालको इतिहास विषय विचार गोष्ठी राखिएको थियो।

इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठान र नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा प्रज्ञा प्रतिष्ठानमा सम्पन्न उक्त कार्यक्रममा बिद्वानहरूबीच छलफल भएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईको प्रमुख आतिथ्यमा सम्पन्न विचार गोष्ठीको अध्यक्षता इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानका उपाध्यक्ष प्रा.डा. सुरेन्द्र केसीले गरेका थिए।

नेपाली साहित्य र समालोचनाको क्षेत्रमा पनि आचार्यको ठूलो योगदान रहेको स्मरण गराउँदै इतिहासशिरोमणिको सम्झनामा यसरी अन्तरक्रिया गर्नु आफैंमा महत्त्वपूर्ण रहेको वक्ताहरूले बताएका छन्। स्मृति प्रतिष्ठानका महासचिव बाबुराम आचार्य इतिहासशिरोमणिको योगदानका बारेमा आमनेपाली समाजले बुझ्रेर नेपालको इतिहासका बारेमा जानकारी राख्नुपर्ने बताए। त्यस्तै, उपाध्यक्ष प्रा.डा. सुरेन्द्र केसीले इतिहासशिरोमणि आचार्यको इतिहास बिर्सिए नेपालकै इतिहास बिर्सने बताए।

आचार्यको जन्म विसं १९४४ फागुन २९ काठमाडौंको सिनामंगलमा भएको थियो। पिता धर्मदत्त आचार्य र माता शिवकुमारी आचार्यका सन्तान बाबुराम ज्योतिष र व्याकरणमा सम्पूर्ण मध्यमा गरेका उनको धेरै समय इतिहास अन्वेषण र लेखनमा बितेको थियो। विसं १९६३ मा सुन्दरी पत्रिकामा छापिएको 'मानिनी विलास' उनको पहिलो प्रकाशित लेख र तुलनात्मक सुन्दर काण्ड (समालोचना २००२) पहिलो कृति मानिन्छ।

पुराना कवि र कविता (२००३), चीन तिब्बतसँग नेपालको सम्बन्ध (२०१३), नेपालको संक्षिप्त वृत्तान्त (खण्ड १, २०२२), श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (भाग १-४, २०२४-२६), नेवाः, नेवा भाय् व संस्कृति (नेसं १०९९), नेपालको सांस्कृतिक परम्परा (२०५४), अब यस्तो कहिल्यै नहोस् (२०५५), चीन-तिब्बत र नेपाल (२०५९), श्री ५ प्रतापसिंह शाह (२०६०), प्राचीनकालको नेपाल (२०६०), नेपाल संक्षिप्त वृत्तान्त (२०६३), जनरल भीमसेन थापा : यिनलाई मैले जस्तो देखेँ (२०६५), जनरल भीमसेन थापा : यिनको उत्थान तथा पतन (२०६९) आदि उनका प्रमुख प्रकाशित कृतिहरू हुन्।

पछिल्लो पुस्ताले उनका कृति अध्ययन गरेर नेपालको इतिहासका बारेमा जानकारी लिन सक्ने कार्यक्रममा सहभागी वक्ताहरूको भनाइ छ।

# ढोरपाटनमा थप दुईजनामा दादुरा संक्रमण पुष्टि



**काठमाडौं/मस–** बागलुङको ढोरपाटन नगरपालिकामा थप दुईजनामा दादुरा संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा.अभियान गौतमले टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको परीक्षणमा थप दुईजनामा दादुरा संक्रमण पुष्टि भएको जानकारी दिए। यसअघि उक्त नगरपालिकाको वडा नं ७, ८ र ९ का पाँचजना दादुरा संक्रमित पुष्टि भएको थियो। भारतबाट आएका एकजना दादुरा संक्रमितले ढोरपाटनमा दादुरा संक्रमण फैलाएका थिए। प्रमुख गौतमले दादुरा संक्रमित सबैको बुर्तिवाङ अस्पताल र बोबाङ स्वास्थ्यचौकीमा उपचार भइरहेको जानकारी दिए। दादुरा संक्रमण देखिएको ठाउँबाट फैलिन नदिनेका लागि रोकथाम तथा नियन्त्रणको प्रयास गरिएको उनले बताए। हाल नगरपालिकामा ८३ शंकास्पद बिरामी छन्। २१ नमूना परीक्षणका लागि टेकुस्थित जनस्वास्थ्य प्रयोगशालामा पठाइएको छ। दादुरा संक्रमितको समुदायमा खोजी भइरहेको र उपचार तथा निगरानीसमेत भइरहेको जनाइएको छ।

ढोरपाटनमा दादुराविरुद्धको विशेष खोप अभियान शनिबार देखि चैत १ गतेसम्म सञ्चालन गरिने बताए। नगरपालिकाभित्रका विद्यालयमा अध्ययनरत कक्षा ६ माथिका तथा १० वर्षदेखि २० वर्ष उमेर समूहका करिब सात हजार जनालाई दादुराविरुद्धको खोप दिन लागिएको छ।

# कांग्रेसले अनुशासन उल्लंघनका उजुरीको प्रारम्भिक अध्ययन गर्ने



**काठमाडौं/मस–**नेपाली कांग्रेसले अनुशासन समितिमा प्राप्त अनुशासन उल्लंघनका उजुरीको प्रारम्भिक अध्ययन गर्ने भएको छ।

अनुशासन समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा पार्टीको केन्द्रीय कार्यालय सानेपामा बसेको अनुशासन समितिको बैठकले सो निर्णय गरेको हो।

बैठकले पार्टीको केन्द्रीय अनुशासन समितिको कार्यविधि-२०८२ को उपदफा(१.१)बमोजिम केन्द्रीय कार्यालयका सहसचिव दिनेश थापामगरलाई समितिको सचिवमा नियुक्त गर्ने निर्णयसमेत गरेको पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए।

# आदिवासी जनजाति महासंघको राष्ट्रिय महाधिवेशन चैतमा

**काठमाडौं/मस–**नेपाल आदिवासी जनजाति महासंघको ११औं राष्ट्रिय महाधिवेशन आगामी चैत ५ र ६ गते काठमाडौंमा हुने भएको छ।

महासंघद्वारा आयोजित पत्रकार सम्मेलनमा महाधिवेशन आयोजक समिति संयोजक गेल्जे लामा शेर्पाले सो जानकारी दिएका हुन्। उनका अनुसार महाधिवेशनको राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा उद्घाटन समारोह हुने र चैत ६ गते स्वयम्भू स्टार ब्यांक्वेटमा बन्दसत्र सञ्चालन हुनेछ।

'प्राकृतिक स्रोत जल, जमिन र जंगलमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर, प्राचीन सभ्यता र ऐतिहासिक पृष्ठभूमिको पहिचानको आधारमा प्रदेशहरूको पुनः नामांकन गर' भन्ने महाधिवेशनको मूल नारा रहने आयोजकले जनाएको छ।

## धादिङ बस दुर्घटना

# कारण चालक थकित र अपर्याप्त सडक सुरक्षा पूर्वाधार



**काठमाडौं/मस–** पृथ्वी लोकमार्गअन्तर्गत धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, भैंसीगौंडामा भएको बस दुर्घटनाको सम्बन्धमा छानबिन गर्न गठित कार्यदलले गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष प्रतिवेदन पेस गरेको छ।

पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग२ख १४२१ नम्बरको यात्रुवाहक बस दुर्घटनामा परी बसमा सवार ४४ जना यात्रुमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएका थिए। उक्त घटनाको छानबिन गर्न सरकारले गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारीको संयोजकत्वमा कार्यदल गरेको थियो।

प्रतिवेदन बुझाउँदै कार्यदलका संयोजक तिवारीले घटनास्थल निरीक्षण, सवारी साधनको यान्त्रिक परीक्षण, यात्रुहरूसँग सोधपुछ तथा सडक पूर्वाधारको अवस्थाको अध्ययन गरेर प्रतिवेदन तयार गरिएको बताए। उनले सवारी साधनमा कुनै यान्त्रिक खराबी नभेटिएको र चालकले मादकपदार्थ सेवन गरेको प्रमाण पनि फेला नपरेको बताए। उनका अनुसार चालकमा थकान रहेको देखिएको र सडक सुरक्षा पूर्वाधार पनि अपर्याप्त रहेका कारण दुर्घटना घटेको निष्कर्ष कार्यदलले निकालेको छ। उनले उपलब्ध तथ्य तथा प्रमाणको विश्लेषण गर्दा चालकले कुनै कारणवश सवारीमाथि प्रभावकारी नियन्त्रण कायम राख्न नसक्दा बस अचानक अनियन्त्रित भई सडकबाट तल खसेर दुर्घटना भएको देखिएको बताए।

चालकमा देखिएको थकान, रात्रिकालीन सवारी सञ्चालन तथा सम्भावित ध्यान विचलनका कारण दुर्घटना भएको निष्कर्ष प्रतिवेदनमा उल्लेख गरिएको छ। उनले भविष्यमा यस्ता दुर्घटना न्यूनीकरण गर्न सार्वजनिक सवारी चालकका लागि थकान व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने, सडक सुरक्षा पूर्वाधार सुधार गर्नुपर्ने तथा रात्रिकालीन यात्रामा निगरानी बढाउनुपर्ने तथा सार्वजनिक यातायातमा क्यामेरा जडानका साथै ट्र्याकिङ प्रणाली जडान गर्न सिफारिस गरिएको समेत बताए। छानबिन प्रतिवेदन बुझ्दै गृहमन्त्री अर्यालले प्रतिवेदनको अध्ययन गरी कार्यान्वयनमा लैजाने बताए। उनले प्रतिवेदनको अध्ययन गरी अगामी दिनमा दुर्घटना हुन नदिने गरी प्रतिवेदनले सिफारिस गरेका विषयको कार्यान्वयन गरिने बताए। उनले विगतका दुर्घटना छानबिन प्रतिवेदनहरूको कार्यान्वयन नभएकै कारण पनि दुर्घटना जोखिम बढेको जिकिर पनि गरे।

# वन क्षेत्रमा निर्माण गरिएका ६ वटा अवैध घरटहरा भत्काइयो

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतह, २९ फागुन



जिल्लाको वन क्षेत्रभित्र अवैध रूपमा निर्माण गरिएका भौतिक संरचनाहरूलाई जिल्ला वन कार्यालयले हटाउन सुरु गरेको छ। जिल्लाको चन्द्रपुर नगरपालिका ६ स्थित बेल्डी वन क्षेत्रमा अनधिकृत रूपमा बनाइएका ६ वटा घरटहराहरूलाई सुरक्षा निकाय र वन कर्मचारीको संयुक्त टोलीले शुक्रबार भत्काएको हो।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, सशस्त्र प्रहरी बल बेस क्याम्प सन्तपुर, चन्द्रपुर सब-डिभिजन वन कार्यालय तथा रङपुर साझेदारी वन उपभोक्ता समूहको संयुक्त टोलीले उक्त अतिक्रमण हटाएको हो। डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहका अनुसार वनको जग्गा कब्जा गर्ने नियतले बनाइएका कच्ची घर तथा छाप्राहरूलाई पूर्ण रूपमा ध्वस्त पारिएको छ।

डिभिजन प्रमुख साहले दिएको जानकारी अनुसार गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको समयमा वन कर्मचारीहरू निर्वाचन कार्यमा खटिएको मौका छोपी केही स्थानीय व्यक्तिहरूले रातारात उक्त क्षेत्रमा घरटहरा निर्माण गरेका थिए। निर्वाचनको व्यस्ततालाई कमजोरी ठानेर वन क्षेत्रमा गरिएको यो अतिक्रमण सह्य छैन, साहले भने, हामीले पटक-पटक सचेत गराउँदा पनि संरचना नहटाएपछि बाध्य भएर सुरक्षाकर्मीको सहयोगमा भत्काउनु परेको बताए।

प्रमुख साहले वन क्षेत्रको संरक्षणका लागि कार्यालय अब थप कठोर रूपमा प्रस्तुत हुने चेतावनी समेत दिएका छन्। उनले कुनै पनि बहानामा वा राजनीतिक आडमा वन अतिक्रमण गर्ने कार्यलाई छुट नदिइने स्पष्ट पारे। वन विनाश र अतिक्रमणले वातावरणीय सन्तुलनमा गम्भीर असर पुऱ्याउने भन्दै उनले सर्वसाधारणलाई वन क्षेत्रभित्र अवैध संरचना निर्माण नगर्न र सरकारी सम्पत्तिको रक्षा गर्न अपिल गरेका छन्।

**माइग्रेसन हराएको सूचना**

मिति २०८२ माघ ४ गते नैकापबाट नयाँ बानेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा ९८५११४९६१४ मा सम्पर्क गरिदिनुहोला।

**नाम :** Umrata Maharjan
Reg. No. : 7-2-927-484-2018
Serial No. : 145733
**ठेगाना : नैकाप, काठमाडौं**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/३०**

**उजिन हेल्थ केयर प्रा. लि.** को मिति २०८२/११/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्थिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २८८१७०)** कायम गर्ने गरी मिति २०८२/११/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पुस्तक समीक्षा

# तरंगित 'तरङ्ग'को यथार्थ



■ विपेन आदिमा

> जीवनको झन्डै सात वसन्त पार गर्न लाग्दासमेत परिवर्तनको कुनै एउटा झिल्कोसम्म देख्न नसक्दा एउटा कवि हृदयमा गहिरो चोट पर्नु स्वाभाविक नै हो। हजारौं निराशा चिर्न एउटै आशा काफी हुन्छ। त्यसैको प्रतिफल 'तरङ्ग' जन्मिएको पाइन्छ।

कवि प्रदीपप्रसाद आचार्यको दोस्रो कविता कृति 'तरङ्ग' ७० वटा छोटाछोटा कविताहरूको सँगालो हो । शब्दार्थ प्रकाशनले २०८२ पुसमा प्रकाशन गरेको यस कृतिभित्रका कविताका विषयवस्तु देश, राजनीति, सत्ता, समाज, इतिहास, प्रेम, प्रकृति आदि रहेका छन् । यस कविता संग्रहको 'शाश्वत सत्य' कवितामा कवि आफू जीवित हुँदा नै आफ्नो मृत्युबोध गर्दै त्यसपछिको परिवेश कस्तो होला भनी विचरण गर्न पुगेका छन् । उनी कविता मार्फत भन्छन्-

*न देख्छिन् उनी मलाई त्यहीँ नै*
*न महसुस गर्छिन् परिवेश उहीँ नै*
*देख्दै सबै त्यो परिदृश्य साफै*
*हेरिरहेछु मलामी त आफैँ ।* (पृ. ११८)

यसरी कविले आफ्नो मृत्युपछिको परिवेशको चित्रण अहिले नै गर्नु भनेको कविको प्रचुर कल्पनाशक्ति र अदम्य कवित्व शक्ति हो । वर्तमान नेपाली समाजव्यवस्था, परिवेशगत चेतनाका दृष्टिकोणबाट हेर्दा, प्रस्तुत 'तरङ्ग' कविता संग्रहभित्रका कविताहरूलाई मूलतः आशावादी, तरलता वा अन्योलयुक्त र निराशावादी स्वरलाई प्रवाहित गर्ने कविता गरी तीन भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

**आशावादी स्वर**

घर, देश बचाउन, सचेत बन फूलहरू, प्रस्तावना, प्रिये, मेरी प्रेयसी, यौवन, सुदृष्टि, सडक बोलिरहेछ, यात्रा, पर्वतारोही, जीवन, होसियार !, अस्तित्व, हाम्रो वर्तमान, इच्छा, कर्तव्य, पौरख, अन्याय विरुद्धको आवाज, दन्दन राजनीति, प्रकृति कन्या गरी २१ वटा कवितामा आशावादी जीवनदृष्टिको आभा देखिन्छ । यीमध्ये सचेत बन फूलहरू, पर्वतारोहीजस्ता कवितालाई त यस संग्रहकै उत्कृष्ट रचना मान्न सकिन्छ । यी कवितामा विगत र वर्तमानको परिवेशलाई तुलना गरी भत्किएका, बिग्रिएका विषयलाई सुधारी थप मजबुत बनाएर लैजान सत्ता र शक्तिको बागडोर सम्हालेर बसेका साथै आमजनसमुदायलाई सचेत गराउँदै विकल्पको बाटोसमेत पहिल्याएको देखिन्छ । कवि नेपालीहरूलाई फूलको उपमा दिँदै सबै फूलहरू आफैं सचेत र जागरुक रहन यसरी आह्वान गर्छन्-

*होसियार ! फूलहरू हो होसियार !*
*यस्ता छद्मभेषीहरूदेखि होसियार !*
*आफ्नो गौरव*
*मित्रता र सहिष्णुता*
*कहिल्यै नभुल ।* (पृ. ३६)

यहाँ कविले नेपाललाई सुन्दर बगैंचा र प्रत्येक नेपालीलाई बगैंचाका थरीथरी फूलहरूको रूपमा सम्बोधन गर्दै कपटीहरूको कपटपूर्ण व्यवहारबाट होसियार रहन सचेत गराउँछन् । यस कवितामा उनी नेपालीहरूको नेपालीपन, सहिष्णुता, शालीन व्यवहार, मोहक रूप र सौन्दर्य र मौलिकतालाई टुक्रिन नदिई सँगाली राख्नुपर्ने कुरामा जोड दिन्छन् ।

**वैचारिक अन्योल तथा तरलता**

प्रस्तुत कविता संग्रह आफैंमा सुन्दर हुँदाहुँदै पनि यसभित्रका केही कवितामा वैचारिक स्पष्टता देखिँदैन । कविका कतिपय कवितामा विचार आफैंमा बाझिन्छन् । केही कवितामा कुन विचार र दर्शनलाई अँगालेर अघि बढ्दा सही बाटो र गन्तव्यमा पुग्न सकिन्छ भन्ने विषयमा अलमलिएको देखिन्छ। माता, देश, माटो, आवाज, समयको छाल, नेता के चाहन्छ ?, भोको पेट, १२ वैशाख २०७२, पैसा जीवन, सहारा, छोरी बिदाइ, आस्था, यस्तै छ यहाँ, मोहनी रूप, खोक्रो आश्वासन, मातृभूमि सम्झेर आएँ, अन्जान, कर्म, वास्तविकता, रक्षक, सृष्टि, वेदना, राजनैतिक वास्तविकता, शब्दको बहार, ग्राह आतंक, सौन्दर्य वर्षाजस्ता कविताहरूमा वैचारिक तरलता देखिन्छ ।

कवितामा कवि न भौतिकवादी जीवनदृष्टि अँगाल्न नै सक्छन्, न त विरोध गर्न नै। उनी घरी परिश्रम र कर्म नगरी केही हुँदैन भन्छन् त घरी सबैकुराको निर्धारक भाग्य हो भन्दै भाग्यवादी बन्न पुग्छन् । यस्तै उनी न त शासक वर्गको पक्षमा उभिन सक्छन् न त उत्पीडित वर्गको कोणबाट सौन्दर्य बोध गर्न सक्छन् । जस्तै : कवि 'पौरख' कवितामा पौरखले नै मान्छे महान् हुने ठोकुवा गर्छन् । पौरखले नै देश समृद्ध बनाउने हो भन्छन् । फेरि यता 'वेदना' र 'रक्षक'जस्ता कवितामा आएर ईश्वरलाई पुकार्दै हामी संकटमा पर्नुको कारण हाम्रो पाप हो भन्छन् र भाग्यवादको भर पर्छन् । 'ग्राह आतंक' कवितामा नेपाली राजनीतिक आन्दोलनको इतिहासलाई केलाउने प्रयत्न गरिएको छ । २००७ सालदेखि २०८२ सालको जेनजी विद्रोहसम्म आइपुग्दा देशमा समृद्धि आउनुको सट्टा भ्रष्टाचार र ग्राहको चलखेल बढेको र नेताहरूले देश खत्तम पारेको बताउँछन् । उनी कवितामा भन्छन्-




*उठ, जाग, जेन-जीहरू*
*ग्राहहरूको पत्तासाफ गराऊ*
*नवपुस्ताहरूबाट अब*
*देशको बागडोर चलाऊ*
*प्रत्यक्ष सरकार चलाऊ*
*सांसद संख्या घटाऊ*
*प्रदेश संरचना खारेज गरी*
*स्वतस्फूर्त नेपाल बनाऊ ।* (पृ. १२४)

प्रस्तुत कवितामा कविले २००७, १५, ३६, ४६, ५२-६३/६३ र ८२ सालको विद्रोहको मर्म बुझेको देखिँदैन । उनी त यी विद्रोहहरूले देश खत्तम भयो भन्ने स्थितिमा पुगेका छन् । के साँच्चै यस्तै हो त ? अवश्य होइन । कविले यत्तिको लेख्न सक्ने हुनुमा ती विद्रोहको भूमिका छैन त ? के १० वर्षे 'जनयुद्ध'लगायत सबै विद्रोह बेकारका हुन् ? त्यसले नेपाली जनजीवनमा कुनै सकारात्मक प्रभाव पारेन ? यस्तो त पक्कै पनि होइन । कवि जेनजीहरूलाई प्रदेश संरचना खारेज गरे, सांसद संख्या घटाए र प्रत्यक्ष सरकारको व्यवस्था गरे देश स्वतस्फूर्त वा स्वतन्त्र हुने बताउँछन् । यद्यपि यसमा धेरै प्रश्न छन् । वैचारिक अन्योल कवितामा निकै देखिन्छ ।

**निराशावादी स्वर**

भत्केको स्वप्न, देश मरिसकेको छ, विचित्रको देश, हाम्रो यथार्थ, हाम्रो राजनीति, छद्मभेषी सरकार, देश बोल्छ, दलाली, प्रतिशोध, नेता, नेपाल हाम्रो घर, वर्तमान राजनीति, आक्रोश, बोली, नयाँ बाटो, त्रसित राजनीति, साथ मिलेको पहिचान, एकता, सत्र मोहजस्ता कविता चरम निराशा र नकारात्मकताले भरिएका छन् । यी कवितामा कविको रिस, आवेग, निराशा, कुण्ठा, चिन्ता प्रस्ट रूपमा देख्न सकिन्छ । तर कविता भनेको रिस, आवेग, निराशा, कुण्ठा, चिन्ता आदि मात्रै हो र ? किन कविले यसबाट माथि उठेर चिन्तन गर्दै चैतन्यको यात्रा तय गर्न सकेका छैनन् ?

कवि नेताले देश बिगारे, पहिला सबै राम्रो थियो, अहिले खत्तम पारे भनी सबै बिग्रेको, भत्किएको र नासिएको मात्रै देख्छन् । यो उनको व्यक्तिगत दृष्टिकोण हो र त्यो उच्च मध्यमवर्गीय छ। उच्च मध्यमवर्गीय आँखाबाट हेर्दा सुन्दर, शान्त र सबै मिलेर बसेको नेपाल अहिले भताभुंग, लथालिंग भएको देखिएला, तर सर्वहारा वर्गको दृष्टिकोणबाट नि त्यस्तै देखिन्छ त ? त्यसो त अवश्य होइन ।

यो देशको निर्माता कुनै नेता, राजा, महाराजा नभई सर्वहारा तथा श्रमजीवी वर्ग नै हुन् । तसर्थ 'नेता' शीर्षकको कवितामा भनिएजस्तो कुनै नेता वा सत्तासीन व्यक्ति आएर देश कायापलट गरिदेला भनेर त्यस्तो नेताको आस गर्नु नै बेकार छ । केही नेता, कार्यकर्ता र जनतासमेत त्यसमा लागेका होलान्, तर सारा उत्पीडनबाट मुक्ति चाहने सच्चा देशभक्त नागरिक मरिसकेका छैनन् । उत्पीडित वर्ग न्याय र मुक्तिका लागि लड्न हरदम तयार छ। यिनीहरूले नै यो देशको रक्षा गर्छन् । कविले यस पक्षमा ध्यान कम दिएका हुन् कि ? केही भएन भनेर कुण्ठा र नैराश्य मात्रै व्यक्त गर्नुभन्दा भएका राम्रा कुरालाई प्रोत्साहन गर्दै नपुगेका कुरा पुऱ्याउन भूमिका खेल्नु कविको धर्म होइन र ?

निराशा र नकारात्मकताले भरिएका कवितामध्ये एउटा कविता हो 'नेपाल हाम्रो घर' । यो कविताको शीर्षक जति सुन्दर छ नि ! यसको वैचारिक पक्ष त्यतिकै नकारात्मक छ । जस्तै :

*लोकतन्त्रको आवागमनले*
*राजनैतिक वितण्डा ल्यायो*
*जाति, भाषा, धर्म, संस्कृतिमा*
*एकताबीच अनेकता छायो*
*एकआपसमा फुट र कलह गरायो*
*मित्रता र सौहार्दताबीच द्वेष बढायो*
*नेपाल र नेपालीको अस्तित्वमाथि*
*प्रश्न उठायो ।* (पृ. ६७)

यस कवितांशमा कवि उच्चवर्गीय विचारधाराबाट यो समाजव्यवस्थालाई हेर्छन् भन्ने प्रस्ट हुन्छ । उनले भनेजस्तै नेपालका सबै जातजाति र भाषाभाषीबीच आपसमा एकता थियो त ? यदि एकता र समानता हुन्थ्यो भने हिन्दु समाजव्यवस्थामा जातकै आधारमा मान्छेलाई पशुझैं व्यवहार किन गरिएको हो र अझै गरिन्छ ? खस नेपाली भाषाबाहेक अरू भाषा बोल्नेलाई भाषाको दर्जा नै नदिई अन्य कुरा (तामाङ कुरा, नेवार कुरा) भनी खिसिट्युरी गरिएको होइन र ? अहिले उत्पीडित वर्गले आफूलाई चोट लाग्दा कमसे कम ऐया ! मलाई दुख्यो भन्न त सक्ने भएका छन् । यसलाई समाज भाँडिएको भन्न मिल्दैन । नेपालको अस्तित्वमाथि विदेशीको प्रहार हिजो पनि थियो र आज पनि छ। त्यसको विरुद्ध सचेत प्रयत्नका साथ संघर्ष गर्नुको विकल्प छैन ।

कविता आफैंमा उन्नत सुन्दर साहित्य हो । यो सुन्दर तबसम्म हुन्छ जबसम्म उन्नत साहित्यमार्फत असल विचार प्रस्तुत गरिन्छ। यदि उन्नत साहित्यमार्फत खराब कुरा भनियो भने यो अत्यन्त हानिकारक हुन्छ। यस कृतिको राजनीतिक विषय प्रस्तुत गरिएका अधिकांश कवितामा नेपालका नेता भ्रष्ट र अत्यन्तै खराब भएर देश बिग्रेको हो भन्ने विचार आएका छन् ।

बाल्यकालदेखि नै देशको शान्त, समृद्ध, एकता र हराभरा समतामूलक समाजको सपना बोकेर जीवनको ६९औं वसन्त पार गर्न लाग्दासमेत यसको कुनै एउटा झिल्कोसम्म देख्न नसक्दा एउटा कविहृदयमा गहिरो चोट पर्नु स्वाभाविक नै हो । हजारौं निराशालाई चिर्न एउटै आशा काफी हुन्छ । त्यसैको प्रतिफल यो कृति जन्मिएको छ । तपाईंका कविताहरू समस्या, चिन्ता, नैराश्य, पीडा, कुण्ठा र गुनासाहरूलाई पोख्ने मात्र नभई चिन्तन हुँदै चैतन्यसम्म पुग्न सकून् । नयाँ परिवर्तनको पथप्रदर्शन गर्न सकून् । कविज्यूलाई मेरो हार्दिक शुभकामना !

कविता

## मन्जिलको दुस्मन



जगन्नाथ पौडेल

पाठकः (१) लेख्छ,
मन्जिलको कविता छुने रहर छ
मन्जिलको मसी हुने रहर छ
श्रोता (१) बोल्छ,
मन्जिलको कवितै होइन
मन्जिल कवि नै होइन
मलाई दुस्मनमा लेख्यो उसले
मन पराएझैं बेसरी कुट्यो उसले
मञ्चमा मेरै कुरा चुट्यो
कविताभरि मेरै इज्जत लुट्यो
श्रोता (१, २) भन्छन्,
मलाई जून मन पर्दैन भन्ने आरोप लगायो
मलाई उसको सकुन मन पर्दैन भन्ने दोष लगायो
मलाई उसको जस्तो मन्जिल नभएको
घोषणा गऱ्यो
शब्दले फकाउँदै
मेरो वस्त्र खोल्यो र
अर्थले अंग छोयो
र लेख्दा अँध्यारोमात्र रोज्यो
मेरैबारे बोलेर चर्चा बटुल्यो
मेरैबारे लेखेर पर्चा छपायो
रातारात नाम कमायो
त्यतिले पुगेन दाम कमायो
श्रोता (१, ३) भन्छन्,
ऊ सेतो कपासझैं नरम छ रे
म रातो अँगारझैं गरम छु रे
ऊ भन्छ,
कुलो भएर धान लहराउनुपर्छ
अब्बल भएर नाम फहराउनुपर्छ
ऊसँग मेरो कुरै मिल्दैन
ऊसँग मेरो जुरै मिल्दैन
ऊ कुरैकुराले अघाउँदैन
तर त्यो पनि उसकै कुरा गर्छ
भन्छ,
उसको कविता नीलो पानी हो
ऊ बग्ने प्रकाश हो
तर
मलाई अक्षर उड्नेहरू मन पर्दैन
मलाई आविष्कार चढ्नेहरू मन पर्दैन
मेरो दुस्मन मन पराउने त्यो/तँ (पाठक) -
मेरो दुस्मन
मन्जिल -
(कवि नभएर उद्देश्य अर्थ आउनसक्छ ।)
मेरो मन्जिलको दुस्मन
आविष्कारक (१) भन्छ,
दुस्मन - आफ्नै रसायन हो, अरूको शरीर होइन ।
लेखक (१) भन्छ,
मान्छे-मान्छेलाई दुस्मन लेख्छ,
गौंथली किन दुस्मन देख्दैन ?

## स्मृतिको धुन




शम्भू पनेरू

मानिसको भीडभाडभित्र
आफैंलाई खोजिरहँदा
कतै शान्ति हराएझैं लाग्छ
मनभित्रको सुनसान बाटोमा
पुराना दिनहरू
विस्तारै विस्तारै ताजा हुन थाल्छन् ।
समयका पानाहरू पल्टाउँदा
कति उज्याला क्षण
कति अधुरा चाहना
कति हाँसोका गुञ्जनहरू
मनको गहिराइमा
आज पनि बाँकी छन् ।
बालापनको त्यो निर्दोष समय
जहाँ सपना साना थिए
तर खुसी विशाल थियो
आँगनमा गुन्जिने हाँसो
आमाको माया मिसिएको बोली
सबै आज स्मृतिमा मात्र बाँकी ।
कहिलेकाहीँ
निःशब्द रातको एकान्तमा
ती दिनहरू सम्झँदा
मनभित्र कतै
मीठो पीडा जाग्छ
अनि आँखाले चुपचाप
भावनाको कथा भन्छ ।
समय बगिरहन्छ
जीवन अघि बढिरहन्छ
तर मनको कुनै कुनामा
ती पुराना पलहरू
सुगन्धित फूलझैं
सधैं फुलिरहन्छन् ।
सायद यही जीवन हो-
बितेका दिनहरूको सम्झना
आजको संघर्ष
र भोलिको आशाबीच
मनले बाँचिरहने
एक अनन्त यात्रा ।

कथा

# साँचो पहरेदार



■ रञ्जना बास्ताकोटी

> *म डरले जाम भएँ । त्यहीबेला पछाडिबाट ठूलो स्वरमा कुकुर भुक्दै आयो । ऊ ती मानिसतिर झम्टिएर भुक्न थाल्यो । डराएर ती मानिसहरू भागे । म भने स्तब्ध भएर उभिइरहेँ । कुकुर मेरो छेउमा आएर शान्त भएर बस्यो, मानौं केही भएको नै थिएन ।*

सहरको भीडभाडमा बस्दा पनि कहिलेकाहीँ मान्छे आफूलाई एक्लो महसुस गर्छ । म पनि त्यस्तै अवस्थामा थिएँ । केही महिनादेखि मलाई रातभर निद्रा नलाग्ने समस्या भएको थियो । बिहान उठ्दा टाउको भारी हुन्थ्यो, शरीर सुस्त । घरमा सबैले 'अलिकति हिँडडुल गर, बिहान हावा खाऊ' भनेर सल्लाह दिन्थे । तर, म भने ओछ्यान छाड्नै गाह्रो मान्ने मान्छे ।

एकदिन कार्यालयमा मेरो अनुहार हेरेर साथी नरेनले भन्यो, 'तिमी त दिनदिनै थाकेजस्तो देखिन्छ्यौ । बिहान पार्कमा हिँड्न सुरु गर न ।'

उनको कुरा मैले त्यति गम्भीरतासाथ लिइनँ । तर त्यो रात झन् राम्रोसँग निद्रा लागेन । बिहान ४ बजेतिर आँखा खुल्यो । 'अब त उठेर हिँड्नैपर्छ' भन्ने सोच आयो ।

म घरनजिकैको सानो पार्कतिर लागेँ । त्यो बेला सहर आधा सुतिरहेको जस्तो लाग्थ्यो । सडक सुनसान, हल्का चिसो हावा। पार्कको गेटनजिक पुग्दा एउटा खैरो रङको दुब्लो कुकुर मलाई टाढैबाट हेरेर भुक्न थाल्यो । म डराएँ । सानो ढुंगा टिपेर त्यसतिर फालेँ । कुकुर तर्सिएर पर गयो ।

'बिहानै झन्झट !' भन्दै म पार्कभित्र छिरेँ ।

केही दिन म त्यही बाटो हिँडिरहेँ । अचम्म के थियो भने त्यो कुकुर हरेक बिहान त्यही ठाउँमा भेटिन्थ्यो । सुरुमा ऊ टाढैबाट भुक्थ्यो, तर पछि केवल टोलाएर हेर्ने मात्र गर्न थाल्यो ।

एकदिन पार्कको बेन्चमा बसेर म आराम गरिरहेका बेला एक वृद्ध मालीले मलाई सोधे, 'तपाईंलाई त्यो कुकुरले हैरान त पार्दैन ?'

मैले हाँस्दै भनेँ, 'पहिला त भुक्थ्यो, अहिले चुपचाप हेर्छ ।'

मालीले मुस्कुराउँदै भने, 'त्यो यहाँको पहरेदार हो । रातभर पार्कको सुरक्षा गर्छ । यहाँ आउनेलाई उसले चिनेर मात्र छोड्छ ।'

म एकछिन चुप लागेँ ।

अर्को दिन म घरबाट निस्कँदा सानो बिस्कुटको प्याकेट लिएर गएँ । गेटनजिक पुगेपछि कुकुर फेरि उभियो । यसपटक मैले ढुंगा होइन, बिस्कुट उसको अगाडि राखिदिएँ । ऊ अलि झस्कियो, फेरि पुच्छर हल्लाउँदै खान थाल्यो । त्यो दिनदेखि हाम्रो सम्बन्ध बदलियो । अब म पार्क पुग्दा ऊ मेरो पछिपछि हिँड्थ्यो । म दौडिँदा ऊ पनि दौड्थ्यो । म बेन्चमा बस्दा ऊ नजिकै बस्थ्यो । एक बिहान म पार्कबाट फर्किँदै थिएँ । सडक अझै सुनसान थियो । अचानक दुईजना अपरिचित मानिस अगाडि आएर बाटो छेके ।

'मोबाइल दे,' उनीहरूले कठोर स्वरमा भने ।

म डरले जाम भएँ । त्यही बेला पछाडिबाट ठूलो स्वरमा कुकुर भुक्दै आयो । उसले ती मानिसतिर झम्टिएर भुक्न थाल्यो । डराएर ती भागे ।

म भने स्तब्ध भएर उभिइरहेँ । कुकुर मेरो छेउमा आएर शान्त भएर बस्यो, मानौं केही भएको नै थिएन । त्यो दिन मैले पहिलोपटक उसको टाउको सहलाएँ । समय बित्दै गयो । बिहानको हिँडाइ मेरो बानी बन्यो । तर एउटा कुरा मनमा गडिरह्यो- जीवनमा मैले धेरै मानिसलाई सहयोग गरेको थिएँ । कसैलाई काम खोजिदिएको, कसैलाई ऋण दिएको, कसैलाई सिफारिस गरेको । तर समय आउँदा धेरैले मलाई चिन्दै नचिनेझैं गरे ।

तर त्यो कुकुर, जसलाई मैले केवल केही बिस्कुट दिएको थिएँ- हरेक बिहान मेरो लागि बाटो हेरेर बस्थ्यो । त्यो दिन मलाई एउटा सानो तर गहिरो सत्य मनमा गढ्यो- इमानदार पहरेदार कहिलेकाहीँ मान्छे होइन, एउटा साधारण पशु पनि हुन सक्छ ।

# छिटो मल वितरण गर्न नवनिर्वाचित सांसद गुप्ताको निर्देशन

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, २९ फागुन

पश्चिम नवलपरासीमा रासायनिक मल अभावको गुनासो चुलिँदै गएको बेला नवनिर्वाचित प्रतिनिधिसभा सदस्य नरेन्द्र कुमार गुप्ता फिल्डमै सक्रिय देखिएका छन्। जिल्लामा मलको आपूर्ति र वितरण अवस्थाबारे समीक्षा गर्न शुक्रबार जिल्ला प्रशासन कार्यालयमा सरोकारवाला निकायको बैठक बसेको हो।

प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालको संयोजकत्वमा बसेको बैठकमा जिल्लाका पालिका तथा नगरपालिकाका उपप्रमुखहरू, कृषि सामग्रीसँग सम्बन्धित संस्थाका प्रतिनिधि तथा सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो। बैठकमा किसानले समयमै मल नपाउने समस्याबारे गम्भीर छलफल गरिएको बताइएको छ।



बैठकमा प्रस्तुत विवरणअनुसार चालु आर्थिक वर्ष २०८२/०८३ का लागि छुट्टाइएको रासायनिक मलमध्ये कृषि सामग्री कम्पनी लिमिटेड, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को गोदाममा हालसम्म युरिया ५ सय मेट्रिक टन, डिएपी २ सय मेट्रिक टन, पोटास ३ सय मेट्रिक टन तथा कृषि चुन ३० मेट्रिक टन मौज्दात रहेको जानकारी दिइएको छ। गोदाममा पर्याप्त मल भए पनि किसानसम्म समयमै नपुगेको विषयमा बैठकमा चासो व्यक्त गरिएको थियो।

नवनिर्वाचित सांसद गुप्ताले किसानलाई मल अभावका कारण सास्ती भोग्नुपर्ने अवस्था आउन नदिन सम्बन्धित निकायलाई छिटो र प्रभावकारी वितरण प्रणाली लागू गर्न कडा निर्देशन दिएका छन्। उनले मल गोदाममै थन्किने तर किसानले नपाउने अवस्थालाई अन्त्य गर्नुपर्नेमा जोड दिएका छन्।

बैठकले उपलब्ध मललाई जिल्लाका सबै स्थानीय तहमा आवश्यकता अनुसार यथाशीघ्र बिक्री-वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ। यसका लागि स्थानीय तहहरू र लुम्बिनी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग समन्वय गर्दै कृषि सामग्री कम्पनी लिमिटेडमार्फत वितरण प्रक्रिया अघि बढाइने निर्णय गरिएको छ।

जिल्लामा खेतीपातीको मुख्य समयमा पनि मल अभावको समस्या दोहोरिँदै आएको गुनासो किसानले गर्दै आएका छन्। यसै सन्दर्भमा नवनिर्वाचित सांसद गुप्ताले किसानको समस्या समाधानलाई प्राथमिकतामा राखेर सम्बन्धित निकायसँग समन्वय गरी समयमै मल उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिने बताएका छन्।

सरकारले पर्याप्त मल आपूर्ति भएको दाबी गरे पनि वितरण प्रणाली कमजोर हुँदा किसानले समयमै मल नपाउने समस्या विगतदेखिनै दोहोरिँदै आएको छ। त्यसैले अब वितरण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ सबै निकाय गम्भीर हुनुपर्ने आवाज पनि बैठकमा उठेको थियो।

# काठमाडौं उपत्यकाको फोहोर विसर्जन फेरि रोकियो

**नुवाकोट/मस–** स्थानीयको अवरोधका कारण बन्चरेडाँडामा काठमाडौं उपत्यकाको फोहोर विसर्जन रोकिएको छ।



बञ्चरेडाँडा क्षेत्रका बासिन्दाले काठमाडौं महानगरपालिका र सहरी विकास मन्त्रालयसँग विगतमा भएका सहमति कार्यान्वयन नभएको विरोधमा फोहोर फाल्न नदिएका हुन्।

विगतका सहमति कार्यान्वयन नभएसम्म फोहोर फाल्न नदिने अडानका साथ काठमाडौंबाट फोहोर बोकेर आएका गाडीलाई फिर्ता पठाइएको स्थानीय निरञ्जन सञ्जेलले जानकारी दिए। उनले भने, 'पटक-पटक भएका उधारो सहमतिले हामी पीडित भएका छौं। हाम्रा माग पूरा नहुञ्जेल अवरोध जारी रहन्छ।'

यसअघि गत कात्तिक १६ गते सहरी विकासमन्त्री कुलमान घिसिङले विगतका सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएसँगै फोहोर विसर्जनको अवरोध हटेको थियो।

नुवाकोटको ककनी गाउँपालिका १, २ र ३ तथा धादिङको धुनबेंसी नगरपालिका १, ३ र ४ वडाका प्रभावित स्थानीयले दुई जिल्लाको सीमा ढाँडेस्थित सडकमा बसेर फोहोर बोकेका गाडीलाई गन्तव्यमा जान दिएका छैनन्। ककनी र बेलकोटगढी तथा धुनीबेंसीका स्थानीय जनप्रतिनिधि र दलका नेताले पनि उनीहरूलाई साथ दिएका छन्।


## यूएईमा रोजगार

कम्पनी: DESCON ENGINEERING
पूर्व स्वीकृत मितिः २०८१/११/२६ चलानी नं. : ६०२३४२५८ LT. No.:320099
शहर: UAE
पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Riggers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४८,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitters | 14 | 0 | | 1200 | ४८,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

M.E.M.
MIDDLE EAST MANPOWER PVT. LTD.
कुपण्डोल, ललितपुर, फोन नं. ०१–५४२९९६०, ०१–५४३०२६३ फ्याक्स: ०१-५५३२०८४,
सम्पर्क: ९८१८६०७३२५, Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np
श्रम इ. पत्र नं. ६१/०५१/०५२



## ओमनमा रोजगार

कम्पनी : AHOOD ALWED SPC
पूर्व स्वीकृत मिति:२०८२/११/२८ चलानी नं.:६०२५३४०३
शहर: OMAN
LT. No.: 339878

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician General | 0 | 1 | स. काममा दक्ष | 170 | ६५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


NEPAL MANPOWER PVT. LTD.
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9741662083 / 9741662084 / 9768994695 / 9841553820 / 9851167990
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np
Govt.Lic.No. 1099/073/074



## मलेसियामा रोजगार

कम्पनी : ECONILI BATTERY NEW ENERGY SDN BHD
पूर्व स्वीकृत मिति: २०८२/११/२९ चलानी नं.: ६०२५३४१९
शहर : MALAYSIA
LT. No.: 339981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


PROFESSIONAL Recruiters Group
Kathmandu- 3 , Nepal. Phone No: 01-4975466, 01-4975467.Email: www.prgnepal.com/info@prgnepal.com
Govt. Lic. No. 1767/081/082


# तिलोत्तमामा ग्यास अभावको गुनासोपछि अनुगमन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, २९ फागुन

बजारमा खाना पकाउने एलपी ग्यास अभाव भएको गुनासो आएपछि रुपन्देहीको तिलोत्तमा नगरपालिकाले अनुगमनलाई तीव्र बनाएको छ।

उपभोक्ताले केही स्थानमा ग्यास सहज रूपमा नपाएको, विक्रेताले लुकाएर राखेको तथा खरिद गर्न जाँदा उपलब्ध नभएको गुनासो गरेपछि नगरपालिकाको टोलीले ग्यास डिलर, विक्रेता तथा उद्योगमा पुगेर अनुगमन गरेको हो। अनुगमन टोलीमा तिलोत्तमा नगरपालिकाकी उपप्रमुख जगेश्वरीदेवी चौधरी, नगरपालिकाका कर्मचारी, तिलोत्तमा व्यापार संघ, उद्योग व्यापार संगठन तिलोत्तमा, तिलोत्तमा उद्योग वाणिज्य संघका प्रतिनिधि तथा नगर प्रहरी सहभागी थिए।



अनुगमनका क्रममा उपप्रमुख चौधरीले कृत्रिम ग्यास अभाव सिर्जना गर्ने जो-कोहीलाई कानुनी कारबाहीको दायरामा ल्याइने चेतावनी दिँदै त्यस्ता गतिविधि नगर्न आग्रह गरिन्। उनले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न पनि आग्रह गरिन्। उनका अनुसार उद्योगहरूमा ग्यासको पर्याप्त मौज्दात रहेकाले उपभोक्ताले आत्तिनुपर्ने अवस्था छैन।

तिलोत्तमामा सञ्चालित सिद्धार्थ ग्यास उद्योगका व्यवस्थापक लक्ष्मण पाण्डेले बजारमा ग्यासको आपूर्ति सामान्य अवस्थामा रहेको बताए। वितरण नियमित भइरहेकाले हल्लाका आधारमा अनावश्यक रूपमा ग्यास भण्डारण नगर्न उनले उपभोक्तालाई आग्रह गरे। त्यस्तै, स्वस्तिक ग्यास उद्योगका व्यवस्थापकले पनि ग्यास पर्याप्त मात्रामा आयात भइरहेको जनाउँदै वितरण प्रक्रियामा देखिने अस्थायी समस्या वा उपभोक्ताले बढी भण्डारण गर्दा अभावजस्तो देखिएको हुन सक्ने बताए।

नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख मुक्तिराम खनालका अनुसार गुनासो आएका करिब पाँचवटा पसलमा अनुगमन गर्दा कृत्रिम अभाव सिर्जना गरिएको प्रमाण फेलापरेको छैन। यद्यपि बजारको अवस्थाबारे निगरानी राख्न अनुगमनलाई थप सूक्ष्म बनाइएको उनले बताए।

अनुगमनमा राजस्व शाखा प्रमुख इन्द्रदत्त सापकोटा, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्की, उद्योग व्यापार संगठन तिलोत्तमाका अध्यक्ष प्रेम जीएम, तिलोत्तमा व्यापार संघका प्रतिनिधि तथा नगर प्रहरीको पनि सहभागिता रहेको थियो।

### इनिसा विक हत्या प्रकरण

# संलग्नमाथि कडा कारबाहीको माग गर्दै प्रदर्शन

**काठमाडौं/मस–** सुर्खेत वीरेन्द्रनगरकी १६ वर्षीया इनिसा विकको सामूहिक बलात्कारपछि हत्यामा संलग्नमाथि कडा कारबाही गर्न माग गर्दै काठमाडौंमा प्रदर्शन गरिएको छ।

शुक्रबार काठमाडौंको माइतीघर मण्डलामा भेला भई प्रदर्शनकारीहरुले जघन्य अपराधको घटनामा संलग्नमाथि कडा कारबाही गर्न र आगामी दिनमा त्यस्तो घटना हुन नदिनका लागि सरकारलाई दबाब दिएका हुन्।

आवश्यक परे कानुनमा संशोधन गरेर भए पनि हत्या, बलात्कारजस्ता जघन्य अपराधका घटना फेरि पनि हुन नपाओस् भनेर सरकारलाई दबाब दिन आफूहरूले सरकारसँग खबरदारी गर्नुपरेको सामाजिक अभियन्ता कविता चन्द सोडारीले बताइन्। उनले यस्ता जघन्य अपराधका घटनामा जिम्मेवार निकाय आफैंले संरक्षण गर्ने गरेको आफूहरूलाई आशंका लागेको भन्दै आक्रोशसमेत व्यक्त गरिन्।




प्रदर्शनमा उत्रिएकाहरूले इनिसालाई न्याय देऊ, बालिकामाथि हुने बलात्कार, हिंसा, हत्या बन्द गरलगायत लेखिएको प्लेटकार्ड समेत प्रदर्शन गरेका थिए। उनीहरूले सरकारले महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्यका लागि कडा कानुनी व्यवस्था गर्न आवश्यक रहेको धारणा राखे।


## सप्तकोशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसी चोक, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/११/३०

यस कार्यालयबाट मिति २०८२/१०/२० मा प्रकाशित सूचना अनुसार ठेक्का नं 01/NCB/W/SRABSB /2082-83 Two Storey Four Room School Building at Shree Rastriya Adharbhut Bidhyalay kamalpur सम्बन्धी विद्युतिय बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएको बोलपत्रहरुको प्रस्ताव मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजन बमोजिम सम्बन्धित सबैका जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सुचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.कर र पि.एस.सहित ) | कै. |
|---|---|---|---|---|
| १. | 01/NCB/W/ SRABSB/2082-83 | Raushan Construction and Suppliers Pvt. Ltd., Saptakoshi Municipality-2, Saptari | रु. ४६,०६,६७५.७६।– | |

प्रमुख प्रशासकीय अधिकृत


# लालबन्दी महोत्सव चैत ४ गतेदेखि

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, २९ फागुन

सर्लाहीको लालबन्दीमा तेस्रो लालबन्दी महोत्सव आगामी चैत ४ गतेदेखि सुरु हुने भएको छ। 'आर्थिक समृद्धि र स्वरोजगारको आधार, कृषि पर्यटन, उद्योग र व्यापार' भन्ने मूल नाराका साथ स्थानीय कला, संस्कृति, कृषि, व्यापार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गर्न लागिएको शुक्रबार पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको हो।




लालबन्दी-९ बस्तिपुरस्थित भुदेव खाद्य उद्योगको परिसरमा महोत्सवको तयारी तीव्र पारिएको महोत्सव आयोजक समितिका संयोजक दीपेन्द्र बलम्पाकीले जानकारी दिए। उनका अनुसार महोत्सव चैत १५ गतेसम्म चल्नेछ।

महोत्सव अवधिभर विभिन्न व्यापारिक स्टलहरू राखिने, स्थानीय कृषि उत्पादनको प्रदर्शनी गरिने तथा ख्यातिप्राप्त राष्ट्रिय तथा स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुति रहने उनले बताए। महोत्सवमा करिब एक सय ५० स्टल रहने पनि उनले जानकारी दिए। यस्तै, महोत्सवमा मनोरञ्जनात्मक खेलकुद, बालउद्यान, खानाका परिकारका स्टललगायत कार्यक्रमहरू पनि समावेश गरिने बताइएको छ। महोत्सवले स्थानीय व्यापार व्यवसायलाई चलायमान बनाउनुका साथै आन्तरिक पर्यटन प्रवर्धनमा टेवा पुग्ने विश्वास गरिएको लालबन्दी उद्योग वाणिज्य संघ लालबन्दीका अध्यक्ष महेशकुमार महतोले जानकारी दिए। उनका अनुसार महोत्सव अवधिभर एक लाख २० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। महोत्सवबाट करिब एक करोड आम्दानी हुने अनुमान गरिएको छ। महोत्सव अवलोकनका लागि जिल्लाभित्र तथा बाहिरबाट ठुलो संख्यामा दर्शक आउने अपेक्षा गरिएको छ। आयोजकका अनुसार महोत्सव सफल बनाउन स्थानीय सरकार, विभिन्न संघसंस्था तथा व्यवसायीहरूको सहकार्य रहने छ।


## कर्णाली प्रदेश सरकार
## जलश्रोत तथा ऊर्जा विकास मन्त्रालय
## खानेपानी,सिंचाई तथा ऊर्जा निर्देशनालय
## खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
दुनै, डोल्पा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/११/३० गते

यस कार्यालयबाट मिति २०८२ माघ २१ गते मध्यान्ह दैनिकमा प्रकाशित सूचना अनुसार e-GP system मार्फत पेश भई आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विवरण

| ठेक्का नं | निर्माण कार्यको विवरण | स्वीकृत हुने निर्माण कम्पनीको नाम / ठेगाना | कबोल अंक (मू.अ.क बाहेक पीएस सहित) |
|---|---|---|---|
| WIEDO/DOLPA/NCB/ WORKS/2082-083-05 | Bheri Odar to Ingdhad Irrigation Construction Work (Package 1 Bheri Odar to Inga) Tripurasundari Municipality 01 Dolpa | New Era Construction Tripurasundari 10, Dolpa | 12,95,602.35 |
| WIEDO/DOLPA/NCB/ WORKS/2082-083-06 | Jhabri khola To Naulakula Water Supply Construction Work Tripurasundari Municipality 01 Dolpa | New Era Construction Tripurasundari 10, Dolpa | 14,76,853.24 |
| WIEDO/DOLPA/NCB/ WORKS/2082-083-07 | Ralli Simkhola Sainekhola Irrigation Canal Construction Work Tripurasundari Municipality 01 Dolpa | Durga Nirman Sewa, Shristi Order and Suppliers Thulibheri 10 Dolpa | 12,15,927.18 |



### माइग्रेसन हराएको सूचना

ललितपुर इमाडोलबाट सातदोबाटो जाने क्रममा मेरो निम्न व्यहोरा भएको बी.बी.ए. तहको माइग्रेसन सटिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

नाम : Rakshya Khatri Chhetri
Reg. No. : 7-2-347-24-2009
Symbol No. : 6646/09
Contact No. : 9849636199
Address : Imadol Lalitpur



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/११/३०

मिति २०८२/११/०८ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम **साविक कम्पनी पिक एभिएसन प्रा.लि.** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पिक वर्ल्डवाइड एक्सप्रेस कार्गो एण्ड कुरियर प्राइभेट लिमिटेड (Peak Worldwide Express Cargo & Courier Pvt. Ltd.)** कायम गर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८२/११/३०

मिति २०८२/११/०५ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गौदिप बिल्डर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्रणामी इन्फ्रा एण्ड कन्स्ट्रक्सन प्रा. लि. (प्रा. लि. नं.: ३६०५१२)** कायम गर्ने गरी मिति २०८२/११/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न सरकारलाई निर्देशन




**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ फागुन

राष्ट्रिय मानव अधिकार आयोगले पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ ।

आयोगका उपसचिव श्यामबाबु काफ्लेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा कृत्रिम अभाव पैदा गरेको पाइएमा कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृत्तिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरूको आपूर्तिको व्यवस्था अविलम्ब मिलाई उपभोक्ताको अधिकार संरक्षण गर्न आयोग नेपाल सरकारलाई निर्देशन गरिएको छ ।

आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेडलगायत ग्यास बिक्रीवितरण गर्ने डिपोहरू समेतको अनुगमन तथा अवलोकन गरेको छ । 'अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियम पदार्थको आपूर्तिका लागि मुख्यत: आयातमा निर्भर रहेको छ, यसका लागि आयात हुनुपर्ने कच्चापदार्थ साविकबमोजिम नियमित रूपमा नै आपूर्ति भइरहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'केही ग्यास कम्पनीहरूको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भए पनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको र कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायत तथ्य प्राप्त भएको छ ।'

आयोगले मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण विगत केही समयदेखि काठमाडौं उपत्यकामा एलपिजी ग्यासको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवं प्रसारित विभिन्न समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको जनाएको छ ।

## ग्यासको आयात निरन्तर छ, अनावश्यक सञ्चिति नगरौँ : निगम

काठमाडौं/मस- नेपाल आयल निगमले खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिति नगर्न आमउपभोक्तामा आग्रह गरेको छ। निगमका प्रवक्ता मनोज ठाकुरले साविककै परिणाममा ग्यासको आयात भइरहेको स्पष्ट पारे ।

'नेपालको मासिक खपत ४५/४६ हजार मेट्रिक टन हो, हरेक महिना सोही परिमाणमा आयात भइरहेको छ। फागुन २६ गतेसम्म ४५ हजार ५ सय मेट्रिक टन आयात भएको छ,' प्रवक्ता ठाकुरले भने, 'घरघरमा ग्यासको भण्डारण गरेर जोखिम नमोल्न आग्रह गर्दछु ।'

ग्यासको बिक्री वितरण सहज बनाउन निगमले निर्देशन दिइरहेको स्पष्ट पार्दै उनले कहीँकतै अनियमितता भएको देखिए सूचना दिन आग्रह गरे । पछिल्लो समय मध्यपूर्वी मुलुकमा विकसित घटनालाई लिएर उपभोक्ताबाट ग्यासको माग उच्च देखिएपछि निगमले आधा सिलिन्डर ग्यास बिक्री गर्न उद्योगलाई निर्देशन दिएको छ ।

ग्यास उद्योगले शुक्रबारदेखि ७ दशमलव १ किलो ग्यास भरेर सिलिन्डर बजारमा पठाएका छन् ।

# राष्ट्र बैंकले गर्‍यो चालु पुँजी कर्जा मार्गदर्शन संशोधन



**काठमाडौं/मस–** नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ परिमार्जन गरेको छ । यसअघि बैंक तथा वित्तीय संस्थाले 'प्रोक्युरमेन्ट वर्किङ क्यापिटल निड'का लागि तीन देखि १० वर्षको कर्जा प्रदान गर्दै आएकोमा नयाँ व्यवस्थाअनुसार आवधिक प्रकृतिको कर्जा प्रदान गर्नुपर्नेछ ।

यस्तो आवधिक कर्जाको भुक्तानी अवधि आफ्नो चालु पुँजी कर्जा नीतिबमोजिम निर्धारण गर्नुपर्ने व्यवस्था संशोधित कार्यविधिमा राखिएको छ। यसअघि प्रवाह भएको 'प्रोक्युरमेन्ट वर्किङ क्यापिटल निड'को आवधिक प्रकृतिको कर्जा ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा २०८३ असार मसान्तसम्ममा एक पटकका लागि मात्र पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था ल्याइएको छ ।

यसरी गरिएको कर्जा पुनर्तालिकीकरणलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनर्तालिकीकरण भएको नमानिने उल्लेख छ । त्यस्तै, राष्ट्र बैंकले एकीकृत निर्देशन २०८२ मा संशोधन गर्दै महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायमा प्रवाहित कर्जालाई पनि पुन:संरचना वा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरेको छ ।

'यो शीर्षकमा प्रवाहित कर्जाको हकमा ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी देहायका सर्तको अधिनमा रही कर्जाको पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिनेछ', संशोधित एकीकृत निर्देशनमा भनिएको छ। यस्तो पुनर्तालिकीकरण र पुन:संरचना २०८३ असार मसान्तभित्र गरिसक्नुपर्नेछ। यसरी पुनर्तालिकीकरण वा पुनर्संरचना गर्दाको समयमा कर्जाहरूलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने पनि राष्ट्र बैंकले जनाएको छ ।

# धमाधम विज्ञापन सामग्री हटाउँदै काठमाडौं महानगर




**काठमाडौं/मस–** सम्झौताअनुरूप समय सकिँदा पनि सम्बद्ध अधिकारी सम्पर्कमा नआएपछि काठमाडौं महानगरपालिकाले विज्ञापन सामग्री हटाउन थालेको छ । सार्वजनिक निजी साझेदारी अवधारणाअन्तर्गत त्रिलोक संरचना प्रालिले ३९ वटा बस बिसौनीमा विज्ञापन राखेकामा सम्झौता सकिएपछि २५ वटा बस बिसौनीमा सोलारसहित राखिएका विज्ञापन सामग्री हटाउन सुरु गरेको हो। महानगरले विसं २०६९ भदौ १४ मा प्रालिसँग पहिलोपटक सम्झौता गरेकामा विसं २०७१ चैत २६ मा पहिलोपटक र २०७८ साल साउन २५ मा दोस्रोपटक सम्झौता नवीकरण गरिएको महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले जानकारी दिए ।

'सम्झौताबमोजिम नभएपछि विज्ञापन बोर्ड हटाउन तथा राख्न नदिने व्यवस्थाका लागि राजस्व विभागबाट पत्र प्राप्त भएपछि हामीले हटाउन थालेका हौं,' उनले भने, 'विज्ञापन हटाउने क्रमलाई निरन्तरता दिइनेछ ।' पछिल्लो सम्झौताबमोजिम महानगरले वृद्धि गरेको विज्ञापन करको दरमा वार्षिक बुझाउनुपर्ने रकम वृद्धि भएको अनुपातमा थप गरेर विज्ञापन कर बुझाउनुपर्नेमा निर्माण पक्षले कर नबुझाएको वरिष्ठ राजस्व अधिकृत प्रदीप कोइरालाले जानकारी दिए ।

'विसं २०८२ वैशाख ११ गते वृद्धि भएको रकम बुझाउन पत्राचार गरिए पनि अहिलेसम्म बुझाएको छैन । हालसम्मको रु १६ लाख १३ हजार २२४ बुझाउन बाँकी रहेको छ,' उनले भने, 'आर्थिक वर्ष २०७८/७९मा विज्ञापनको दर प्रतिस्क्वायर फिट रु ७०० र आव २०८०/८१मा प्रतिस्क्वायर फिट एक हजार पुगेको थियो ।' कोइरालाका अनुसार विज्ञापन कर १५ लाख ८३ हजार ९३९ र नपुग रोयल्टी २९ हजार २८५ दाखिला हुन बाँकी छ।

# डब्लुटिओ व्यापार तथा वातावरण समितिको अध्यक्षमा नेपाल चयन

**काठमाडौं/मस–** नेपाल विश्व व्यापार संगठन (डब्लुटिओ) व्यापार तथा वातावरण समितिको अध्यक्ष चयन भएको छ ।

संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंगठनका लागि जेनेभास्थित नेपालको स्थायी नियोगका अनुसार यही फागुन २७ गतेको महासभा बैठकले नेपाललाई एकवर्षे कार्यकालका लागि सर्वसम्मत रूपमा अध्यक्ष चयन गरेको हो ।

समिति डब्लुटिओ सदस्य राष्ट्रबीच व्यापार नीतिहरूका कारण वातावरणमा पर्ने प्रभाव र पर्यावरण नीतिहरूले व्यापारमा पर्ने प्रभाव तथा जलवायुसम्बन्धी व्यापारका विषय सम्बोधन गर्ने




मञ्च हो। अल्पविकसित राष्ट्रको सूचीबाट बाहिरिने क्रममा रहेको मुलुकका निम्ति प्राप्त यो भूमिका डब्लुटिओ सदस्यहरूसँग नजिकबाट सहकार्य गर्दै नेपालको व्यापारलाई विश्वव्यापी बजारमा एकीकृत गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ। संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंगठनका लागि नेपालका स्थायी प्रतिनिधि रामप्रसाद सुवेदीले समितिमा मुलुकको प्रतिनिधित्व गर्नेछन् ।

# विद्यार्थीलाई एनआईसीको शैक्षिक सामग्री सहयोग

**काठमाडौं/मस–** एनआईसी एशिया बैंकले विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रमअन्तर्गत शान्ति सेवागृहमा आश्रित १५० भन्दा बढी विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको हो ।



तिलगंगा, काठमाडौंस्थित उक्त संस्थामा अध्ययनरत विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि तथा पठनपाठनलाई सहयोग पुर्‍याउने उद्देश्यले बैंकले झोला तथा अन्य शैक्षिक सामग्री हस्तान्तरण गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुजितकुमार शाक्य र नायव प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले एक कार्यक्रमका बीच संस्थाकी प्रबन्ध निर्देशक अप्सरा कार्कीलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

बैंकले यसै वर्ष सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत गरिब, जेहेनदार, विपन्न, पिछडिएका वर्ग तथा शारीरिक रूपमा विशेष क्षमता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको जनाएको छ ।

यसअघि पनि बैंकले सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुका साथै सातै प्रदेशका विभिन्न विद्यालयमा भवन निर्माण गरी पुस्तकालय स्थापना गर्ने काम गरिसकेको छ। शान्ति सेवागृहमा रहेका विद्यार्थीहरूलाई गरिएको शैक्षिक सामग्री सहयोगले उनीहरूको अध्ययनलाई निरन्तरता दिन तथा शैक्षिकस्तर सुधार गर्न थप सहयोग पुग्ने विश्वास बैंकले व्यक्त गरेको छ ।

# चेम्बर अफ कमर्सको ग्रिस प्रतिनिधिमा पोखरेल

**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्सले ग्रिसका लागि आफ्नो प्रतिनिधिका रूपमा कृष्ण पोखरेललाई नियुक्त गरेको छ । चेम्बर सचिवालय, जमल काठमाडौंमा आयोजित एक कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले पोखरेललाई नियुक्तिपत्र हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा चेम्बरका अध्यक्ष अग्रवालले निजी क्षेत्रबीच अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्न प्रतिनिधिको भूमिका महत्वपूर्ण हुने बताउँदै ग्रिसमा रहेका नेपाली व्यवसायी र समुदायसँग सहकार्य बढाउन पोखरेलले प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गर्दै भने, 'ग्रिसमा रहेका नेपाली व्यवसायी र समुदायसँग सहकार्य बढाउन तथा सक्दो अन्तर्राष्ट्रिय व्यापार मेलामा सहभागिता साथै द्विपक्षीय व्यापार अभिवृद्धिमा प्रभावकारी भूमिका खेल्ने विश्वास लिएका छौं ।'

त्यसैगरी, सल्लाहकार परिषद्का अध्यक्ष राजेशकाजी श्रेष्ठले नेपाल र ग्रिसबीच व्यापार, लगानी र व्यावसायिक सहकार्य विस्तार गर्न पोखरेलको अनुभव र अन्तर्राष्ट्रिय सञ्जाल महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

'विदेशमा बसेर नेपाली समुदाय र व्यावसायिक क्षेत्रलाई जोड्ने काममा उहाँको योगदान प्रशंसनीय छ, अब चेम्बरको प्रतिनिधिका रूपमा उनले नेपाल-ग्रिस आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउनुहुनेछ भन्नेमा हामी




विश्वस्त छौं,' श्रेष्ठले भने ।

नवनियुक्त प्रतिनिधि पोखरेलले आफूलाई दिइएको जिम्मेवारीप्रति प्रतिबद्धता व्यक्त गर्दै नेपाल र ग्रिसबीच व्यापार, पर्यटन तथा लगानी प्रवर्द्धनमा सक्रिय रूपमा काम गर्ने बताए । 'दुई देशका व्यवसायी, संस्थाहरू र नेपाली समुदायबीच सहकार्य बढाउँदै आर्थिक तथा सांस्कृतिक सम्बन्ध विस्तार गर्न प्रयास गर्नेछु,' उनले भने ।

ग्रिसमा लामो समयदेखि व्यवसाय गर्दै आएका पोखरेल एथेन्स र थेसालोनिकीमा सञ्चालित 'हिमालय ईई' रेस्टुरेन्ट चेनका सञ्चालक छन् । आतिथ्य तथा शिक्षा क्षेत्रमा सक्रिय उनी एथेन्सस्थित 'ई. कोरोपोउल्ल प्राइभेट स्कुल'सँग पनि आबद्ध रहेका छन् ।

उनले सन् २०२४ मा अष्ट्रियास्थित नेपाली दूतावास र ग्रिक सरकारी निकायसँग सहकार्य गरी ग्रिसमा रहेका नेपालीका लागि पासपोर्ट नामावली दर्ता कार्यक्रम सफलतापूर्वक आयोजना गरेका थिए । नेपाली समुदायका लागि विभिन्न सामाजिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्दै आएका पोखरेल अन्तर्राष्ट्रिय सम्बन्ध, बहुसांस्कृतिक वार्ता तथा कूटनीतिक समन्वयमा अनुभव प्राप्त व्यक्तित्वका रूपमा परिचित छन् ।

व्यावसायिक क्षेत्रमा योगदानका लागि उनले एथेन्समा 'बिजनेसम्यान अफ द इयर-२०२२'लगायत विभिन्न अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेका छन् । नेपाली, अंग्रेजी, हिन्दी र ग्रिक भाषामा दख्खल राख्ने पोखरेलले विज्ञान र अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा उच्च शिक्षा हासिल गरेका छन् ।

**मलेसियामा रोजगार**

कम्पनी: BRC PREFAB HOLDINGS SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/२९ — चलानी नं.: ६०२५३४०७ — L.T. No.: 340023

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 11 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: APOLLO FOOD INDUSTRIES SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८२/११/२९ — चलानी नं.: ६०२५३४२४ — L.T. No.: 340022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 38 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PEOPLE HRS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

**युएईमा रोजगार**

कम्पनी : LAHEJ & SULTAN CLEANING SERVICES & GENERAL MAINTENANCE — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/११/२८ — चलानी नं.: ६०२५३४०५ — LT. NO.: 339848

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 100 | 50 | | 1000 | ४०,०८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SIWAKOTI MANPOWER SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01- 4987991, Mobile no 9851090365 | Email:-siwakoti806@gmail.com

**मलेसियामा रोजगार**

कम्पनी: DARUL MAKMUR SECURITY FORCESDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५६ — LT. No.: 334860 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 84 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ७ गते (21 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKY OF THE WORLD MANPOWER PVT. LTD.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 985-1035867, 985-1068774, 980-7014136, 984-8888988, 980-8943369, For Chitwan : Bharatpur-10, Hakim chock, contact no. 9767466435
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

**यूएईमा रोजगार**

कम्पनी: JAMS HR SOLUTIONS FZE — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०५/२९ — चलानी नं.: ६०२४४८१४ — LT. No.: 331000 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 76 | 0 | स. काममा दक्ष | 1000 | ४०,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: JAMS HR SOLUTIONS FZE- JAFZA — शहर: Dubai
पूर्व स्वीकृत मितिः २०८१/०१/२४ — चलानी नं.:६०२१९११० — LT. No.:304077 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 54 | स. काममा दक्ष | 800 | ३२,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरीमा २०८२ चैत १३ गते (27 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल विर्तामोड झापामा २०८२ चैत १४ गते (28 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता रोज पार्टी प्यालेस रूपन्देही बुटवलमा २०८२ चैत १५ गते (29 March 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १६ गते (30 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SIJAN OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १६८१/०८०/०८१
Airport, Shambhu Marg -Road No.2, Kathmandu Tel : 01-5913578, 9768388219, 9768528361
E-mail: sijanoverseas@gmail.com, Website: www.sijanoverseas.com

**साइप्रसमा रोजगार**

कम्पनी: S.A". IOANNOU The JOB FACTORY LTD-457 — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८२/०८/०७ — चलानी नं.: ६०२४७६९३ — L.T. No.: 334024 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 18 | 0 | स. काममा दक्ष | 600 | १,०२,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: LIGHTBLUE VISION LTD. — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८२/०८/१० — चलानी नं.: ६०२४७८०१ — L.T. No.: 334113 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 10 | सम्बन्धित काममा दक्ष | 700 | १,१९,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | General Worker | 10 | 0 | | 700 | १,१९,११९ | | | | | | |

कम्पनी: A TO Z CONSULTANCY &IMMIGRATION SERVICES-466 — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८२/०८/०७ — चलानी नं.: ६०२४७६९२ — L.T. No.: 334025 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 14 | स. काममा दक्ष | 400 | ६८,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ चैत्र ७ गते (21 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ANGELOS GROUP PVT.LTD**
Govt.Lic. No. 1792/082/83
Lalitpur-15, Satdobato, Nepal, Tel No: +977-1-5415656
Email: angelosgrouppvtltd@gmail.com, info@angelosgrouppvtltd.com
Web: www.angelosgrouppvtltd.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३० फागुन २०८२ शनिबार
14 March 2026 Saturday



कवि श्यामलको वास्तविक नाम हरिहर अधिकारी हो । समकालीन नेपाली कवितामा उनी विद्रोही चेतना भएका कविका रूपमा चिनिन्छन् । उनी निबन्धकार, पत्रकार र अनुवादक पनि हुन् । उनको तपाईंहरू मार्फत, लयब्रह्म, हतारमा यात्रा कवितासंग्रह प्रकाशित छन् । रित्तो गाउँ उनले लेखेको निबन्धसंग्रह हो । उनले नेपाली भाषामा विश्वका अन्य साहित्यकारका उपन्यास, कविताहरू अनुवाद गरेका छन् । संख्यात्मक रूपमा थोरै लेखेका र धेरैको मन छोएका साहित्यकारमध्येमा उनी पनि पर्छन् । यसै वर्ष उनले लेखेको उपन्यास पनि प्रकाशनको तयारीमा छ । उनी राससका पूर्वअध्यक्षसमेत हुन् । विविध क्षेत्रमा कलम चलाएका **हरिहर अधिकारी** उर्फ **श्यामल**सँग **मध्यान्ह** राष्ट्रिय दैनिकका लागि **भावना पाठक**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘जो पायो त्यहीलाई महान् भन्न म जन्मिएको होइन’

**● श्यामल, साहित्यकार**

**तपाईं निबन्धकार, पत्रकार अनि अनुवादक पनि हो तर तपाईंलाई कवि श्यामल नै भनेर मान्छेहरूले किन चिने होलान् ?**

आ-आफ्नो दृष्टिकोणमा भर पर्ने कुरा हुन् । मैले लेखन र पत्रकारिता सँगसँगैजस्तो सुरु गरेको हो । सायद मैले कवितामा धेरै मान्छेहरूको मन स्पर्श गर्ने मौका पाएँ होला । सायद उहाँहरूलाई कविता अलि हाइलाइट गरिएको विधा भन्ने थाहा भयो होला । धेरै कविहरूको माझमा मलाई उभ्याउँदा कविजस्तो देख्नुभयो होला । अर्को कुरा के हो भने मैले आफ्नो जीवनमा जति लेखेँ, सबैभन्दा बढी मलाई आत्मसन्तुष्टि कविताबाटै भयो । त्योभन्दा मलाई कम्फरटेबल नै हुन्छ । असावधानीवश कसैले त्यस्तो भन्यो र गऱ्योजस्तो लाग्दैन । लाग्छ, म पत्रकार हुँदा पनि कवि नै हुँ, निबन्धकार हुँदा पनि कवि नै हुँ, कवि हुँदा त कवि नै भइहालेँ ।

**तपाईंका पुस्तकहरू त थोरै छन्, थोरै लेखेर पनि सबैतिर चिनिनुभएको छ, कसरी ?**

मेरा तीनवटा कविता कृति छन् । म धेरै लेख्नुपर्छ भन्नेमा विश्वास गर्दिनँ । थोरै लेखे पनि अर्थपूर्ण, शक्तिसम्पन्न वाक्यहरू, समाजसँग संवाद हुनुपर्छ अथवा गर्नुपर्छ भन्ने मेरो आग्रह रहन्छ । धेरै त म लेख्न सक्दछु, म एकदम छिटो लेख्छु, बेस्ट राइटर हो म, तर मलाई धेरै लेखेर त्यसको मात्रात्मक वृद्धिभन्दा गुणात्मक वृद्धि गर्नुपर्छ भन्ने लाग्छ । म संस्कृतको कालिदासबाट दीक्षित हो । नेपालका गोपालप्रसाद रिमाल, भूपी शेरचनका कविताहरू पढ्दै जाँदाखेरि धेरै लेख्नुभन्दा शक्तिशाली थोरै लेख्नु उचित हुन्छ भन्ने मैले बुझेँ होला सायद । अहिलेसम्म मेरो ५१ वर्षको प्रकाशन इतिहासमा ९० भन्दा बढी कविता छैनन् । देवकोटाजीका धेरै छन्, तर गोपालप्रसाद रिमालका थोरै छन् कविता । तै पनि शक्तिशाली छन् । कतिपय मामलामा देवकोटाजी भन्दा रिमालजी धेरै माथि देखिनुहुन्छ । माधवप्रसाद घिमिरे हेर्नुहुन्छ भने धेरैभन्दा राम्रो लेख्नुभयो । म त्यताबाट प्रभावित भएँ होला भन्ठान्छु ।

**कवि श्यामलले उपन्यास पनि लेख्दै हुनुहुन्छ भन्ने सुन्दै आएको पनि धेरै समय भइसक्यो, कहिले पढ्न पाउँछन् पाठकले ?**

मैले उपन्यास लेखेको झन्डै बाह्र वर्ष भयो । सम्भवतः मैले यो वर्ष दिन्छु जस्तो लाग्छ । यो लेखिसकेको उपन्यास हो, तर समय बित्दै जाँदा अझै त्यसमा हेर्न जरुरी छ जस्तो लाग्यो । मैले त्यति नै बेला त्यसको रोयल्टी पनि लिइसक्या छु । जुन विषयवस्तुमा मैले लेखेको थिएँ तिनको सामूहिक र व्यक्तिगत चरित्रमा यस्तो ठूलो अन्तर आयो । कालान्तरमा मैले त्यसको केही अध्याय फेर्नुपऱ्यो । अब सायद चाँडै आउँछ । म यो कति ढिलो आयो वा चाँडो आयो भन्दा पनि कति गुणसम्पन्न आयो भन्नेमा बढी विश्वास गर्छु ।

**साहित्य अझ विशेषगरी कवितामा विद्रोही चेतना नै हुनुपर्छ भन्ने गरिन्छ, के यो अनिवार्य हो ?**

यो समाज, व्यक्तिको चेतना र सामाजिक चेतनामा भर पर्ने कुरा हो । हामी प्रणय कविताबाट दीक्षित भयौं । पढ्दै जाँदा व्यक्तिभन्दा समाजलाई बढी छुनुपर्छ भन्ने दर्शन आयो । मार्क्सवादबाट पनि प्रभावित भइयो नि त ! मार्क्सवादबाट प्रभावित हुनु भनेको समाजसँग बढी संवाद गर्नु हो । अलि ठूलो समूहसँग, मुलुकसँग, विश्वसँग जोडिएपछि स्वभवतः तिनको संघर्ष, दुःखतिर मानिसको दृष्टि जान्छ अझ विशेषगरी कविको जान्छ । हामी इतिहासमा हेर्छौं, संस्कृत र ग्रिक साहित्य अथवा प्राचीन साहित्यलाई छाडेर आधुनिक साहित्यलाई हेर्ने हो भने पहिलो र दोस्रो विश्वयुद्ध विद्रोहका स्वरहरू साहित्यमा प्रयोग हुन थाले । समाजको विनाश, राष्ट्रहरू टुक्रिने र बन्ने होडले कविलाई पनि प्रभावित गऱ्यो । समाजलाई नहेरी लेखिएका कुराहरू जीवन्त पनि हुँदैनन् । समाजले समाजले ग्रहण गर्दैन, समाजले ग्रहण गर्नुपऱ्यो नि ! कवि भनेको समाज हो एउटा व्यक्ति हैन नि, जतिबेला उसले एउटा व्यक्तिसँग संवाद गर्न थाल्छ त्यो अपूर्ण नै रहन्छ । देश र दिशालाई पक्रेर लेख्न सक्नुपर्छ, लेख्ने त्यसरी नै हो । त्यसका लागि समाजको भित्री तहसम्म पुग्नुपर्ने हुन्छ । त्यसकारण कविता विद्रोही हुन गएका हुन् ।

मैले जतिबेला लेखेँ, त्यो बेला नेपाली जनता जागिरहेको थियो । म कसरी पृथक रहन सक्छु, सक्दिन नि ! त्यतिबेला राजाको विरुद्ध लेख्ने बेला थियो । नेपाललाई राजशाही मुक्त बनाउन जरुरी थियो । त्यो बेला मेरा कवितामा सबैभन्दा माथि विद्रोही चेतना नै रह्यो । पागल, परिवर्तन, आमाको सपना, छोरीलाई मानचित्र पढाउँदा, लेनिनजस्ता कविताबाट हामीले समाजबाट लिएपछि समाजलाई दिन पनि जान्नुपर्छ भन्ने सिक्यौं । हामीले रुसी साहित्य, चिनियाँ साहित्य, टर्की साहित्य, बंगला साहित्यबाट समाजसँग जसले संवाद गर्छ त्यसले मात्र जीवन्त साहित्य लेख्न सक्छ भन्ने बुझ्यौं । मेरा कवितामा व्यक्तिका विद्रोह पनि सामाजिक चेतनासँग जोडिएको छ ।

**राजतन्त्र छँदा राजालाई गाली गर्नुभएको छ, गणतन्त्रमा पनि दल तथा व्यक्तिलाई तोकेरै गाली गर्नुभएको छ, भलै त्यो गाली समाजको आवाज किन नहोस् कविका रूपमा तपाईंले नेतृत्व गर्नुभएको हो नि, कविता प्रकाशित भइसकेपछि तत्कालीन समयमा डर कत्तिको लाग्थ्यो ?**

कविभित्र हिम्मत भएन भने त्यसले इमानदारीसाथ कविता लेख्न सक्दैन । नेपालमा कृष्णलाल अधिकारीको मकैको खेती कविता समाजको चेतनाले लेख्नुभएको हो नि ! त्यो कविता थियो थियो थिएन फरक कुरा हो, विद्रोह प्रस्ट थियो । लेखेकै आधारमा जेल हालियो र उहाँ त जेलमै सडेर बित्नुभयो । लक्ष्मीनन्दन चालिसे पनि जेलमै बित्नुभो । लक्ष्मीप्रसाद देवकोटाले पनि धेरै लेख्नुभएको छ । गोपालप्रसाद रिमाललाई त हामी क्रान्तिकारी कविकै रूपमा चिन्छौं । मैले अघि भनेँ समाजका कुरा लेख्यो भने मात्र समाजले हामीलाई आफ्नो सोच्छ । अनि त्यही समाजले जोगाउँछ नि ! लेखेरै कतिचोटि जेल परेको हो म । सामान्यतया २-४ दिन पर्नु भनेको त ठूलो कुरै हुन्थेन । कतिपय अवस्थामा हामीले लेखेका कविता प्रकाशित गर्ने पत्रिका नै सेन्सरमा पर्थे ।

तर एउटा कवि साहसिक नै हुनुपर्छ । लेखक साहसिक नै हुनुपर्छ । लेखक राजनीतिकर्मी जत्तिकै साहसिक भएनन् भने ती इमानदार लेखक हुन सक्दैनन् । आफ्नो उद्घाटन गर्नु पनि निकै ठूलो साहस हो । मैले भर्खरै पढेर सकेँ ‘मदर म्यारी कम्स टू मी’ भन्ने पुस्तक, यसमा इमानदारी र साहस प्रस्ट देख्न सकिन्छ । कतिजनासँग प्रेम गरी, कतिजनासँग बिहे गरी र कतिजनासँग शारीरिक सम्बन्ध कायम गरी भन्ने कुरा पनि निर्धक्क भएर यो पुस्तकमा लेखिएको छ । हामीसँग त्यो साहस छैन । हामी डरपोक छौं, अरूले केही भन्दिन्छ कि भन्ने डर लाग्छ । त्यस्तै, कमला दासको ‘माई स्टोरी’ पढ्नुभो भने पनि अथवा अलि समय पहिला स्विस लेखक जर्जिया ग्रुसोलाई हेर्ने हो भने पनि साहस यस्तो हुने रहेछ भन्ने थाहा हुन्छ । तर हामीकहाँ मान्छे इमानदारीपूर्वक आफूलाई व्यक्त गर्न चाहँदैन । किनकि तिनीहरू बेइमान छन्, बेइमान मान्छेले इमानदारीपूर्वक लेख्न सक्दैन । सत्य लुकाउनेले समाजको कुरा लेख्दैन ।

**सत्य किन लुकाइन्छ त ?**

मान्छेलाई डर छ । कथित मर्यादा छ । त्यो ढोँग हो, स्वाङ हो, नक्कली चिज हो । हामीले त मान्छेलाई नांगै हेर्नुपर्छ । मान्छेको संवेदनाभित्र पुग्न पनि नांगो आँखाहरू चाहिन्छ । यसरी हेर्न सकिएन भने सिर्जना गरेका सबै चिज नक्कली हुन्छ । हामी आफूलाई बनाउन थाल्यौं भने राम्रोसँग बोल्न पनि सक्दैनौं । मान्छे आफैंलाई छोप्न थाल्छ अनि ऊ बेइमान हुन्छ । मेरो ‘शान्ति नेपाली’ भन्ने कविता छ, ‘तिमीले आँखा छोपे पनि राम्री, आँखा खोले पनि राम्री, कालो चस्मा उतार शान्ति’ भन्ने छ एउटा । कालो चस्मा लगाएर दुनियाँलाई हेर्यौं भने प्रेम कहाँबाट सुरु हुन्छ त ? अंगको सौन्दर्य अन्त्य पनि होला तर आँखामा आँखा नजुधाई प्रेम हुँदैन, मान्छेलाई बुझ्न सकिँदैन । मान्छेलाई, समाजलाई बुझ्न र त्यसलाई कलात्मक रूप दिन सत्यको अन्वेषण जरुरी छ । त्यतिबेला सत्य हामीभन्दा अलि पृथक रहेछ भन्ने थाहा हुन्छ । सामूहिक सत्यको अन्वेषण अझ जरुरी हुन्छ ।

**कवितामा आजभोलि व्यक्तिगत कुण्ठाका कुरा धेरै आउन थाल्यो भनिन्छ, व्यक्तिकेन्द्रित सिर्जना कविताका लागि खतरा हो ?**

व्यक्तिमा केन्द्रित भएर लेखियो भने त्यो कविता भएन । तर व्यक्तिका सोचलाई सामूहिकीकरण गरेर लेखियो भने त्यो उत्तम कला भयो । सबैभन्दा राम्रो जात भनेको गायक र कवि हो । आफूले गीत गाउन सकेन भने पनि अरूको स्वरले छोएर जान्छ । गीत गाउनु भनेको व्यक्तिमा केन्द्रित हुनु मात्र हैन । त्यसलाई कतिसम्म मर्यादित बनाउने भन्ने कलाकारमा भर पर्छ । मलाई त कहिलेकाहीँ कविभन्दा बेइज्जत गरेको जस्तो पनि लाग्छ । किनकि नेपालमा कविहरूप्रति राम्रो दृष्टिकोण छैन ।

अल्लारे, जँड्याहा, फोहोर, महिलालाई त्यति मर्यादा गर्न नसक्ने यस्तो पनि मानिन्छ कतैकतै । तर मलाई कवि बडो जिम्मेवार, मैले अघि भनेँ- सत्यको अन्वेषक हो भन्ने लाग्छ । राम्रो कविले व्यक्तिमा भएको सौन्दर्य थाहा पाउन सक्छ । कालिदासले भनेअनुसार अक्षर भनेको सुन्दर महिलाको कुर्कुच्चाजस्तो हुन्छ, अब कस्तो हो त त्यो भनाइ ? बुझ्नेले मात्र पहिल्याउन सक्छ यस्ता कुरा । त्यो भएर कतिपय कुरा व्यक्तिका जस्ता भए पनि त्यो समाजको विषय पनि हुन जान्छ । कतिपय अवस्थामा आफ्नो कुण्ठामात्र पनि पोख्न खोजिन्छ त्यो कविता भएन । त्यसैले कवि भन्नु र हुनुमा फरक छ ।

साँचो कविहरू बाहिरबाट बदनामजस्ता देखिन्छन् तर जीवित रहन्छन् । दुई सय वर्षअघि अमेरिकन कविको मृत्यु भयो, बडो प्रख्यात कवि थिए । पछि बाराक ओबामाको शासनकालमा उसको चिहान उधिनेर राजकीय सम्मानका साथ फेरि अन्त्येष्टि गरियो । अहिले मानिसहरूलाई थाहा भयो कि अमेरिकी समाज निर्माणमा उसका कविताले धेरै राम्रो काम गरेको रहेछ । नेपालमा पनि बेलाबेला नेताहरूले कविका नाम लिने गर्छन् । जबजब देशमा आगो बाल्नुपर्ने हुन्छ त्यो बेला यदुप्रसाद मिश्र र गोपालप्रसाद रिमालका गीत गाइन्छ । कवि अरूले सोचेजस्तो हल्का हुँदैन भन्ने लाग्छ ।

**कविता उन्नत साहित्य हो, कतिपयले त कविता बुझ्दा पनि बुझ्दैनन् भन्ने पनि छ । प्राज्ञिक पाठकबाहेक अरूले कविता बुझ्नै नसक्ने हो त ?**

कलालाई राम्रोसँग बुझ्न सकिएन भने यस्तो समस्या उत्पन्न हुन्छ । हाम्रो देशमा मोहन कोइराला भन्ने कवि हुनुहुन्थ्यो, उहाँका कविताहरू बुझ्न अलिकति गाह्रो छ भनिन्छ । कतिपय कविहरूको चाहना आफूले लेखिदिने र पाठकले आफ्नो ढंगले बुझून् र व्याख्या गरून् भन्ने रहन्छ । तर साँचो कला नबुझिने हुँदैन, बुझिन्छ । जुन कुरा बुझ्न सकिँदैन त्यो कसरी कविता हुन्छ त ? कलाको धर्म भनेको, मसँग भएको कलाले तपाईंको पनि मर्म छुने हो । अनि नबुझी त छुँदै छुँदैन नि ! नबुझ्ने भनेको या त्यो छद्म कविता हो या कवितै हैन ।

**पछिल्लो समय आएका कविताहरूबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**


साथीहरूले लेखिराख्नुभएको छ । नयाँ-नयाँ पुस्ता पनि आइरहेको छ । समाजलाई बुझ्न बाँकी नै छ सायद । समाजले सबै कुरा सिकाउँदै जान्छ । अनुभवले मान्छेलाई यो गर्न हुन्छ र गर्न हुँदैन भन्ने चेतना दिन्छ । सुरुसुरुमा सबै त्यस्तै हो, विस्तारै सिक्दै गइन्छ । विनोदविक्रम केसी, अभय श्रेष्ठजस्ता कविहरूको कविता मलाई बडो सुन्दर लागेको छ । रोल्पाका एकजना कविको कविता पढेको थिएँ राम्रैजस्तो लाग्छ । नेपाली सेनामा भएका कतिपय भाइहरूले पनि लेखिरहेको पाएको छु । कालान्तरमा उहाँहरू राम्रो लेख्नुहोला भने सकारात्मक झिल्काहरू पाएको छु ।

**नेपालमा राजनीतिक भागबन्डाका आधारमा सरकारी नियुक्ति हुन्छ भन्ने गरिन्छ, तपाईं राजनीतिक रूपमा कुनै दलसँग आस्था राख्नुहोला त्यो फरक कुरा हो तर तपाईं कसैको साख्य हो जस्तो लाग्दैन, फेरि कसरी राससको अध्यक्षमा नियुक्त हुनुभयो ?**

म कुनै दलको सदस्य हैन तर म मार्क्सवादी हो । मैले नेपाली पत्रकारितामा ५०-५१ वर्ष काम गरेँ । मेरो आफ्नै खालको योगदान छ त्यो उहाँहरूले बुझ्नुहुन्छ । मेरो लायकको काम के हो भनेर उहाँहरूले धेरै खोज्नुभएको रहेछ । र अन्त्यमा बिग्रेको संस्थालाई तपाईंले हेरिदिनुपऱ्यो भनेर केपी ओलीजीकै मुखबाट आएको हो । मैले म खाली नै छु भनेर काम गरेँ तर म उहाँको पार्टीको सदस्य हैन । म उहाँको पार्टीको सदस्य नभए पनि त्यो पार्टीको चुनाव चिह्न मैले नै दिएको हो फेरि । एमाले भन्ने नाम राख्नमा पनि श्यामलको योगदान छ तर म सदस्य हैन । तर दलीय राजनीति र भागबन्डा नेपालमा हुन्छ । कांग्रेस, एमाले, राप्रपा, माओवादी, मधेशवादी दल सबैले भाग खोजिरहेका हुन्छन् । माओवादीका सुदन किराँतीले मन्त्री हुँदा एकेडेमीमा ९० प्रतिशत आफ्ना मान्छे छिराउनुभएको छ ।

**तपाईं मान्छे त मिजासिलो नै हुनुहुँदो रहेछ, तर कवि श्यामल घमण्डी छन् भनेर भन्नेहरू पनि रहेछन्, मान्छेअनुसारको व्यवहार गर्नुहुन्छ हो ?**

मैले पनि सुन्छु यो कुरा, है ! अभिमान, स्वाभिमान, गर्व, घमण्ड यी शब्दको पृथकता, अन्तर थाहा नभएर पनि कतिपयले मलाई घमण्डी भनेका होलान् । मलाई नि कति-कति बेला म घमण्डी छु क्या हो जस्तो पनि लाग्छ । मेरो घमण्ड अर्कालाई बिगार्ने खालको हैन । मलाई नटेर्ने मान्छेलाई म किन टेरूँ ? एकएक कणको महत्व । सबैलाई म सम्मान गर्दछु । तर केही मानिसलाई म घृणा गर्दछु । तिनीहरूले मलाई घमण्डी भनेजस्तो लाग्छ । किनभने तिनीहरू इज्जत गर्न लायक छैनन् । तिनीहरूले मानिसहरूलाई दुखाएका छन् । तिनीहरूको हेराइ पनि गतिलो छैन । ती गतिलोसँग बोल्न जान्दैनन्, म तिनलाई किन टेरूँ ? तर म निन्दा गर्छु भनेर तिनलाई पिट्न जान्नँ । मेरो क्षमताप्रति विश्वास गर्नु घमण्ड हो भने घमण्ड नै सही ठिकै छ ।



**तपाईं कस्ता मान्छेलाई गाली गर्नुहुन्छ ?**

मान्छेलाई म सम्मान गर्छु । मान्छेको शरीर लिएर राक्षसको चरित्र कसैले देखाउँछ भने म त्यसलाई घृणा गर्छु । म पशुलाई, किरालाई समेत प्रेम गर्छु । मान्छे भएर मान्छेलाई मार्ने मान्छेलाई म समर्थन गर्दिनँ । त्यही भएर माओवादी आन्दोलनलाई मैले कहिल्यै पनि समर्थन गरिनँ । मान्छे मारिने चिज हैन । मान्छे देवताभन्दा पनि श्रेष्ठ हो । म ती मान्छेलाई घृणा गर्छु जसले यी कुरा बुझ्दैन ।

**पुस्तक अनुवाद गर्ने प्रचलन बढ्दै गएको छ, तपाईंले पनि गर्नुभएको छ । यसको जटिल पक्ष के हो ?**

अनुवादका लागि भाषा बुझेर मात्र पनि हुँदैन । नेपालमा सयवटा पुस्तक अनुवाद हुँदा एउटा पनि गतिलोगरी आएको छैन । अनुवादमा लक्ष्य भाषा पनि बुझ्नुपऱ्यो र स्रोत भाषाको संस्कृति पनि बुझ्नुपर्छ । कतिपय अवस्थामा सांस्कृतिक अनुवाद गर्नुपर्ने हुन्छ । जस्तो छ त्यस्तै ल्याउनु मात्र अनुवाद हैन, त्यसमा कला आफूले थप्नुपर्छ । एक त हाम्रो भाषामा कम दखल छ, भाषा जान्नेले संस्कृति नबुझेको पनि हुन सक्छ । संस्कृति नबुझी गरेको अनुवाद त्यति राम्रो हुँदैन ।

**अन्त्यमा ?**

म कवि हो । मैले कविता नै लेख्ने हो । निबन्ध, अनुवाद, पत्रकारिता यी सबैको बीचमा पनि म कवि श्यामल भनेरै चिनिएको छु । यो वर्ष उपन्यास पनि पाठकहरूले पढ्न पाउनुहुनेछ । धन्यवाद ।

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०८२/११/३०)**

यस कार्यालयबाट मिति २०८२/०९/२३ मा राष्ट्रिय दैनिकपत्रिका राजधानीमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय बमोजिमको Contract ID/ निर्माण कार्यकोलागि प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेखित बोलपत्रदाताहरूको बोलपत्र “न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही” ठहर भई स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिलः-**

| सि.न. | ठे.नं. | योजनाको नामरस्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट र PS समेत) रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 01. | LMUN-W19-NCB-2082-83-24 | Construction and Beautification of Agricultural Haat market at Ward No. 5, Lahan Municipality, Siraha | TCS-Btech JV, Kathmandu | ५,०४,४३,२५५.७१ | बोलपत्र स्वीकृतको लागि सिफारिस |

**अनिक यादव**
**(इन्जिनियर)**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**